का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ असार २०८२,
बिहीबार
19 June, 2025
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १३७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



नयाँ पुस्ताको सपना फैलियो, गाउँमा अट्न सकेन । र रित्तियो पहाड । त्यस्तै एक उदाहरण गाउँ हो- बझाङको छबिसपाथिभेरा ।

# खै, को बस्ला गाउँ !

**कर्ण धामी/मध्यान्ह**
बझाङ, ४ असार

कुनै समय हरघरबाट चुलोको धुँवा सल्किन्थ्यो । छरछिमेकको साथ र मित्रताको मधुर सम्बन्धले गाउँ बाँधिएको थियो ।

तर अहिले गाउँ रित्तिएका छन् । सुनसान छ पहाड । लाग्छ, समयले गाउँको सुन्दरता खोसिदियो ।

गाउँमा कसैको बिहे हुँदा टपरी गाँसेर लैजाने, दाउरा काटेर ल्याउने र बारीमा थचक्क बसेको दृष्य देख्न मुस्किल छ । आजभोलि गाउँमा न मान्छे छन्, न यसरी काम हुन्छ । शिशिर ऋतुमा समेत रमाइलो लाग्ने पहाडका डाँडाहरू अचेल झाडीले उराठ छन् । केवल छन् त बुढाबुढीहरू ।

बझाङको छबिसपाथिभेरा गाउँपालिकाको नियति यस्तै छ । हिमाल, पहाड र तराईको संगम झैं देखिने भौगोलिक विविधताले सम्पन्न छ यो गाउँमा विरक्ति बाहेक केही छैन । छ त मात्र शून्यता ।

तथ्याङ्क अनुसार यो गाउँपालिकाबाट करिब ७० प्रतिशत जनसंख्या पलायन भइसकेका छन् । कोही देशभित्रकै शहर पसे, कोही भारत र खाडी । पृष्ठ २ मा

सांस्कृतिक विविधताको सम्मान गरौं ।
- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं।

'सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं'

नेपाल सरकार
विज्ञापन बोर्ड

# निजामती विधेयकमा राजनीति

पारित गर्ने कार्यसूची स्थगित भएर अड्किएको निजामती विधेयक अर्को १५ दिनसम्मको क्यालेन्डरमै परेन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असार ।

असार १५ गतेसम्मको प्रतिनिधि सभाको क्यालेन्डर बनेको छ । तर, संघीय निजामती सेवा विधेयकको प्रतिवेदन अगाडि बढाउने विषय क्यालेन्डरमा समावेश छैन ।

मंगलबार प्रतिनिधि सभाबाट पारित गर्ने कार्यसूची तय भएको थियो । पारित गर्ने कार्यसूची स्थगित भएर अड्किएको निजामती विधेयक अर्को १५ दिनसम्मको क्यालेन्डरमै नपरेको हो । बरु विधेयक अगाडि बढाउने कार्यसूची रोक्न लगाएर सरकार विधेयकमाथिको छलफलमा जुटेको छ ।

बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा सहितका नेताहरूसँग छलफल गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा निजामती विधेयकमा रहेका प्रावधानहरूबारे छलफल भएको छ ।

राजीनामा वा अवकाशपछि २ वर्षसम्म संवैधानिक वा अन्य नियुक्ति नपाउने सम्बन्धी प्रावधान (कुलिङ पिरियड) रहने प्रावधान विधेयकमा छ ।

प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकमा थपेको यो प्रावधानमाथि मुख्य सचिव एकनारायण पृष्ठ २ मा

**इजरायल-इरान युद्ध**

# नेपालीलाई उद्धार गर्ने सरकारको तयारी



नेपाली नागरिकलाई उद्धार गर्नुपर्ने परिस्थितिका लागि दूतावास तयार छ । पानीजहाजमार्फत साइप्रस पुऱ्याएर हुन्छ वा स्थल नाकामार्फत् जोर्डन पुऱ्याएर हुन्छ, हामी त्यसको विकल्प हेरिरहेका छौं

**धनप्रसाद पण्डित**
नेपाली राजदूत
इजरायल

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ४ जेठ

मध्यपूर्वमा दुई छिमेकी इजरायल र इरानबीचको द्वन्द्व चर्किँदै गएपछि जुन सुकैबेला जेपनि पनि हुन सक्ने सम्भावना बढेको छ । दुबै देश युद्धबाट पछि नहटने र युद्धविरामको कुनै सम्भावना नदेखिएको कारण जारी युद्ध अझ सशक्त र भीषण हुन सक्ने जनाइएको छ ।

इजरायलले इरानका परमाणु कार्यक्रम स्थलहरूमा सीधा हमला गरेपछि राजधानी तेहरानमा विस्फोटहरू भइरहेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले युद्ध दीर्घकालीन हुनसक्ने चेतावनी दिएका छन् भने इरानी सर्वोच्च नेता आयातोल्लाह खामेनीले इजरायलले आफ्नै निम्ति दुर्भाग्य निम्त्याएको भनाइले यो द्वन्द्व गहिरो र दीर्घकालीन हुनसक्ने सम्भावना बढेको छ ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानका स्थानीय नागरिकलाई राजधानी तेहरान छाडेर जान आह्वान गरेपछि युद्धको जोखिम बढ्दै गएको देखिन्छ । आफ्नो सामाजिक सञ्जालमा एक सन्देश प्रेषित गर्दै ट्रम्पले सबैलाई इरानको राजधानी तेहरान छाडेर जान आह्वान गरेका हुन् ।

इरानले इजरायलको तेलअभिभ र हाइफालाई खाली गर्न भनेपछि धेरै विस्फोट तेहरानमा भइरहेको छ । धेरै इरानी अहिले तेहरान छाड्न चाहिरहेका छन् । तर धेरैले अन्य कुनै पनि ठाउँ सही नभएको बताएका छन् ।

यस्तै, ट्रम्पले इरानी सर्वोच्च नेता आयतुल्लाह खोमिनीलाई पनि आत्मसमर्पण गर्न चेतावनी दिएका छन् । ट्रम्पले तत्कालका लागि इरानी सर्वोच्च नेता खोमिनीलाई बिना शर्त आत्मसमर्पण गर्नु सबैभन्दा उपयुक्त भएको सुझाव दिएका हुन् ।

यी सबैको पृष्ठभूमिमा इजरायल र इरानबीचको युद्ध लम्बिने सम्भावना देखिएको हो । युद्धको भूराजनीतिक असर विश्व भर परेको छ भने यसबाट संसारभरका नागरिक पनि प्रभवित हुन थालेका छन् ।

अमेरिकी ट्रम्पले इरानसँगको द्वन्द्वमा फोर्दो क्षेत्रमा रहेको इरानी आणविक प्रशोधन केन्द्रमा बम बिष्फोट गर्ने कि नगर्ने भनेर पृष्ठ २ मा

## नेपालीको डर

इजरायलको तेल अभिभसहित कैयौं शहरमा इरानले गरेको पछिल्लो क्षेप्यास्त्र प्रहारपछि इरायलमा रहेका हजारौं नेपाली आफूहरू निकै भयभीत भएको बताएका छन् । उनीहरू अवस्था अझै बिग्रने चिन्ताले सताएको जनाएका छन् ।

इजरायलस्थित नेपालीहरूले पछिल्लो तनाव यसअघिका युद्धमा समेत नदेखिएको निकै गम्भीर रहेको र विमानस्थल खुल्दाको अवस्थामा नेपाल फर्कने अवस्थामा रहेको बताएका छन् ।

इजरायलमा आपत्काल घोषणा गरिएको पछिल्लो अवस्थामा त्यहाँ दिनहूँ क्षेप्यास्त्र हमला भइरहँदा बारम्बार भूमिगत बंकरमा लुक्नुपर्ने अवस्था रहेको त्यहाँ रहेका नेपालीहरूले पृष्ठ २ मा

# मनाङे पदमुक्त

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ४ असार ।



गण्डकी प्रदेश सभा सदस्य राजिव गुरुङ उर्फ दिपक मनाङे पदमुक्त भएका छन् ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले मनाङे उम्मेद्वार हुनसमेत अयोग्य रहेको ठहर गरेको छ । मनाङेले विवरण झुक्याएर उम्मेदवार बनेको र सांसद भएको भनेर अदालतले पदमुक्त हुने फैसला गरेको हो ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित न्यायाधीशहरू प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाल र डा. कुमार चुडालको संवैधानिक इजलासले गरेको फैसलाअनुसार फैसला भएको मिति बुधबारदेखि नै मनाङे पदमुक्त भएका छन् । फौजदारी कसुरमा दोषी ठहर पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# जेठमा करिब ७५ हजार युवा गए वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार ।

जेठ महिनामा करिब ७५ हजार युवायुवती वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार जेठमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने युवायुवतीको संख्या ७४ हजार ४६७ रहेको छ । त्यसमा ८ हजार १६५ जना महिला छन् ।

जेठमा म्यानपावर कम्पनीमार्फत ३३ हजार ६३८ जना वैदेशिक रोजगारीमा गएका छन् भने ११ हजार ९०५ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् । जिटुजीमार्फत पठाइने इजरायल र दक्षिण कोरियामा एक हजार १७१ जना गएका छन् ।

जेठमा सबैभन्दा बढी २४ हजार ७०४ जना यूएई गएका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत १६ हजार ५४७ जना गएका छन् ।

साउदी अरेबियामा ११ हजार ९६१ जना गएका छन् । म्यानपावर कम्पनीमार्फत उक्त मुलुकमा ६ हजार ६२० जना गएका छन् । कतारमा ११ हजार ९१ जना गएकोमा म्यानपावर कम्पनीमार्फत कतार २ हजार ६८१ जना गएका छन् ।

मलेसियामा ७ हजार २३० जना गएकोमा म्यानपावर कम्पनीमार्फत २ हजार ६८२ जना र कुवेतमा ४ हजार ६३० जना गएकोमा म्यानपावर कम्पनीमार्फत २ हजार ७५१ जना गएका छन् । म्यानपावर कम्पनीमार्फत हङकङमा २ जना, मकाउमा २ जना, चीनमा ९ जना, माल्दिभ्समा २० जना, जोर्डनमा १२५ जना, जापानमा २०७ जना, मौरिससमा ३४९ जना, बहराइनमा पृष्ठ २ मा

## जेठमा धेरै कामदार पठाउनेमा नीलकमल पहिलो, प्याराडाइज दोस्रो र एसओएस तेस्रो

**काठमाडौं/मस-** जेठ महिनामा म्यानपावर कम्पनीबाट ३३ हजार बढी कामदार वैदेशिक रोजगारीमा गएका छन् । त्यसमध्ये ८ दर्जनभन्दा बढीले सय र त्यसभन्दा बढी कामदार पठाएका छन् । जेठमा नीलकमल ह्युमन रिसोर्स प्रा.लि. १ हजार ९ जना कामदार पठाएर धेरै कामदार पठाउने सूचीको शीर्ष स्थानमा रहेको छ ।

यस्तै प्याराडाइज इन्टरनेशनल प्रा.लि. ९३८ जना कामगार पठाएर दोस्रो तथा एसओएस म्यानपावर सर्भिस प्रा.लि. ६५१ जना कामदार पठाएर तेस्रो स्थानमा रहेको छ ।

**धेरै कामदार पठाउने म्यानपावर कम्पनी**
नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- १००९ जना
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ९३८
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ६५१ पृष्ठ २ मा

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
★ PRO- 5 (Male/Female)
★ Documentation- 2 (Male/Female)
★ Receptionist- 2 (Female)
● 2 Years Experience In Related Fields.
Salary Negotiable
SEND YOUR CV: info@gcintgroup.com, www.gcintgroup.com
GC INTERNATIONAL GROUP PVT. LTD.
Sumangal-9, Airport Kathmandu
Email : info@gcintgroup.com, www.gcintgroup.com
Tel No: 4533603, 4533903. Mobile No: 9851412525
License No.: 1772/081/82

मलेसियामा रोजगार
कम्पनी: SPX XPRESS SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०२/०८ चलानी नं.: ६०२३८३०६ L.T. No.: 324411 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/Warehouse Assistant | 75 | 0 | स. काममा दक्ष | 1700 | ५५,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १०,११ गते (24,25 June 2025) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १२,१३,१४ गते (26,27,28 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DITYA INTERNATIONAL PVT. LTD.
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel.: 01-5912818,9801362589
980-8461595, 9702363057, 9767987991, 9700564407, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**खै, को...**
गाउँमा युवा पुस्ता हराएको छ । कोही बिरामी हुँदा बोक्न मान्छे भेटिँदैन । स्थानीय वीरेन्द्र धामी भन्छन्, 'म बिरामी छु । दिदीबहिनीहरूले स्टेचरमा बोकेर मलाई अस्पतालसम्म पुर्याइदिनुभयो ।' उनकै जस्तो मिल्दो भनाइ गाउँभर सुन्न पाइन्छ ।

शिक्षाको हालत पनि त्यस्तै छ । धनीले शहर पठाउँछन्, बाँच्न गाह्रो भएका परिवारका छोराछोरी मात्र सरकारी विद्यालय पढ्छन् । किसानका बारीमा उब्जिएका गोलभैंडा, काउली, मुला बजारसम्म पुर्याइदिने कोही छैन ।

खेतीपाती र जडिबुटीमा सम्भावना हुँदाहुँदै पनि गाउँका युवालाई त्यसले तानेको छैन ।

'वडा नं ७ मात्र होइन, समग्र गाउँपालिका यार्सागुम्बा, बनलशुन, चिरेतो लगायत दुर्लभ जडिबुटीले भरिएको छ । यी जडिबुटी राष्ट्रिय आयमा उल्लेखनीय योगदान दिन सक्ने क्षमतायुक्त छन् । तर उत्खनन, संरक्षण र बजारीकरण नहुँदा आर्थिक लगानी सुरक्षित छैन' छबिसपाथिभेराका अध्यक्ष वस्नत बहादुर चलाउने भन्छन् ।

गाउँमा पर्यटन, कृषि, जडिबुटी, सामुदायिक वन, प्राकृतिक स्रोतको प्रचूर सम्भावना छ । तर सरकारले ध्यान नदिँदा आम जनताको चासो नबढेको उनको भनाइ छ ।

**नेपालीलाई...**
छलफल गरिरहेका हुन् । अमेरिकाको सबैभन्दा ठूलो 'बंकर बस्टर' बम अमेरिकी बी-२ बमवर्षकहरू प्रयोग गरेर म्यासिभ अर्डनेन्स पेनिट्रेटरको प्रयोग गरेर मात्र इरानको सो भूमिगत स्थलमा पुग्न सकिन्छ ।

यदि उनले अगाडि बढ्ने निर्णय गरे भने संयुक्त राज्य अमेरिका मध्यपूर्वमा नयाँ द्वन्द्वमा प्रत्यक्ष सहभागी बन्नेछ ।

दुई देशबीच युद्ध चर्किदा विभिन्न देशले आफ्ना नागकिरलाई इजरायल र इरानबाट फिर्ता बोलाउन थालेका छन् । भारत, चीनसहित युद्धग्रस्त देशबाट आफ्ना नागरिकलाई फिर्ता बोलाउन लागेका हुन् ।

**नेपालीलाई उद्धार गरिने**
इरान र इजरायलबीच देखा परेको प्रत्यक्ष द्वन्द्वले घातक स्वरूप लिइरहँदा नेपाली श्रमिकहरू रहेको इजरालमा उनीहरूको सुरक्षा चिन्ता बढेको छ । शुक्रवारदेखि सुरु भएको पछिल्लो द्वन्द्व थप चर्कने घटनाक्रम देखा परिरहँदा इजरायलबाट उनीहरूको उद्धार गर्नुपर्ने कुरा उठ्न थालेका छन् । इजरायल र इरानको जारी द्वन्द्वका कारण इजरायलमा रहेका नेपालीहरूको उद्धारको पहल सुरु भएको छ ।

इजरायलमा रहेको नेपाली दूतावासले इजरायल र इरानमा रहेका नेपालीको उद्धार प्रयोजनका लागि विवरण संकलन सुरु गरेर उद्धारको पहल थालेको हो । इजरायलको तेलअविभस्थित नेपाली दूतावासले सूचना निकाल्दै नेपालीको उद्धार तथा स्वदेश फिर्ती प्रयोजनका लागि अनलाइन दर्ताको व्यवस्था गर्दै सूचना निकालेको छ ।

'इजरायलमा विकसित पछिल्लो परिस्थितिका बिच समस्या र त्रासमा रहेका नेपाली नागरिकहरूको आवश्यकताअनुसार उद्धार, स्वदेश फिर्ती तथा अन्य प्रयोजनका लागि आधार प्राप्त होस् भन्ने हेतुले दूतावासले सूचना संकलनको काम सुरु गरेको छ', दूतावासले बुधबार सूचना जारी गरी भनेको छ । यस्तै सहभागी हुन इच्छुकले अनलाइन दर्ता गर्न सकिने सूचनामा उल्लेख छ ।

नेपाली नागरिकलाई उद्धार गर्नुपर्ने परिस्थितिका लागि दूतावास तयारी अवस्थामा रहेको इजरायलस्थित राजदूत धन प्रसाद पण्डितले बताए । 'पानीजहाजमार्फत साइप्रस पुर्याएर हुन्छ वा स्थल नाकामार्फत् जोर्डन पुर्याएर हुन्छ, हामी त्यसको विकल्प हेरिरहेका छौं', राजदूत पण्डितले भने ।

**अन्य देशमा पनि जोखिम**
हाल अन्य देशहरू पनि यस युद्धमा जोडिइ नसकेकाले मध्यपूर्वका अन्य देशमा पनि अवस्था गम्भीर बन्दै गएको छ । इरानमा करिब एक दर्जनको संख्यामा नेपालीहरू छन् । त्यसबाहेक लेबनन, जोर्डन, इराक र सिरिया दुई देशबीचको द्वन्द्वको प्रत्यक्ष मारमा पर्न सक्ने देशका रूपमा हेरिन्छन् । जहाँ औपचारिक र अनौपचारिक तवरबाट गएका नेपालीहरू रहेका पाइन्छन् ।

यीमध्ये जोर्डनमा झण्डै ३ हजार र लेबननमा झण्डै ८ यि जना शान्ति सैनिकबाहेक ११ सय जना जति नेपाली श्रमिकहरू रहेको ठानिन्छ ।

इराक र सिरियाजस्ता देशमा श्रमिक जान बन्देज छ । सबैभन्दा धेरै नेपाली भएको देश यूएई हो जुन यसमा तटस्थ देखिएको छ ।

तर इरानले 'स्ट्रेट अफ हर्मुज' भनिने खाडी क्षेत्रको जल क्षेत्र बन्द गर्ने चेतावनी दिइरहँदा त्यससँग जोडिएको ओमानमा समेत पर्न सक्ने सम्भावना छ । ओमानमा झण्डै २० हजार नेपालीहरू कार्यरत छन् ।

**सबै नेपाली सुरक्षित**
इजरायलस्थित नेपाली राजदूत धनप्रसाद पण्डितले हालसम्म त्यहाँ रहेका सबै नेपालीहरू सुरक्षित भएको बताए । 'अहिलेसम्म सबै नेपालीहरू सुरक्षित छौँ र यदि उनीहरू असुरक्षित हुने अवस्था आयो र यहाँबाट उद्धार गर्नुपर्ने अवस्था आयो भने हामी तयार छौँ', उनले भने ।

उनले इजरायली निकायहरूसँग पनि आफूहरू निरन्तर सम्पर्कमा रहेको र नेपालीहरूलाई सुरक्षाका लागि दिइएका निर्देशनहरू पालन गर्न आग्रह गरिएको बताए ।

राजदूत पण्डितले भने, 'अहिले आत्तिनु पर्ने अवस्था छैन र दूतावासले नेपालीलाई असुरक्षित महसुस गरेमा आवश्यक सहयोग पनि गर्नेछ । त्यसका लागि सम्पर्क गर्न हामीले भनेका छौँ र काठमाडौंस्थित परराष्ट्र मन्त्रालयमा पनि हामी निरन्तर सम्पर्क र समन्वयमा छौँ ।'

यसअघि सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणमा १० जना नेपाली विद्यार्थीहरूको मृत्यु भएको थियो भने हमासले बन्धक बनाएका भनिएका विपिन जोशीको अवस्था हालसम्म अज्ञात छ । ती विद्यार्थीहरू काम गर्दै सिक्ने योजनाअन्तर्गत इजरायल गएका थिए ।

**नेपालीको डर...**
बताएका छन् । मध्यान्हको सम्पर्कमा आएका इजरायलमा कार्यरत नेपालीले अहिलेसम्म आफूहरू सुरक्षित भएपनि कति बेला के हुने चिन्ता लागेको बताएका छन् ।

इजयारलमा अधिकांश नेपाली केअरगिभरको काम गर्छन । केही नेपाली अन्य क्षेत्रमा काम गर्छन् । इजरायलमा ५ हजार भन्दा बढी संख्यामा नेपालीहरू कार्यरत छन् ।

इजरायलस्थित नेपाली दूतावासले त्यहाँका नेपालीहरूलाई सुरक्षासम्बन्धी निर्देशनहरू पालन गर्न र आपत्कालीन अवस्थामा सहयोगका लागि दूतावासमा सम्पर्क गर्न आग्रह गरेको छ ।

इजरायलमा सबैभन्दा राम्रो भनेको कुनै पनि खतराको संकेत हुनेबित्तिकै मोबाइलमा त्यसको सन्देश आउँछ र अर्लाम बज्छ । साइरन पनि बज्छ र बंकर भित्र छिर्नुपर्छ । इजरायलका अधिकांश शहरमा सामुदायिक बंकरको सुविधा पनि छ । बंकरमा लुकेपछि ज्यानको डर लागेको इजरायलमा कार्यरत ललितपुरका मातृका तिमल्सिनाले बताउँछन् । 'म यहाँ आएको झन्डै २० वर्ष भयो । मैले हालसम्म यस्तो अवस्थाको अनुभव गरेको थिइनँ', उनले भने ।

इजरायलबाट तत्काल नेपाल फर्कने अवस्था छैन किनभने सबै विमानस्थलहरू बन्द छ । अहिले तत्काल फर्कन चाहनेहरू पनि फर्कन सक्ने अवस्था छैन ।

वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनामा मात्र श्रम स्वीकृति लिएर एकहजार ४५ जना नेपाली इजरायल गएका छन् ।

२०८१ साउनमा ३९, भदौमा ३२, असोजमा ३९, कात्तिकमा ११२, मंसिरमा ९१, पुसमा ४७, माघमा ४६, फागुनमा २४०, चैतमा २५३ र २०८२ वैशाखमा १४६ जना नेपाली केयर गिभरको रुपमा इजरायल पुगेका छन् । विभागका अनुसार २०७८ साउन १ गतदेखि २०८२ वैशाख मसान्तसम्मको अवधिमा ३ हजार ७३२ जना नेपाली केयर गिभरको रुपमा इजरायल गएको विभागको तथ्यांकले देखाउँछ ।

आर्थिक वर्ष २०७८/७९ मा ५९८ जना, २०७९/८० मा १ हजार ८४ जना, २०८०/८१ मा एक हजार पाँचजना र २०८१/८२ को पहिलो १० महिनामा एक हजार ४५ जना नेपाली केयर गिभरको रुपमा काम गर्न इजरायल गएका थिए ।

**निजामती...**
अर्यालसहित उच्च पदस्थ कर्मचारीले नै असन्तुष्टि जनाइरहेका छन् । यो बेला प्रधानमन्त्री ओली स्वयमले आफैं अग्रसरता लिएर छलफल गरेका हुन् ।

प्रधानमन्त्री ओलीले अन्य दलका नेताहरूसँग समेत छलफल गर्दैछन् । त्यस अगाडि उनले केही नेतालाई प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै बोलाएर छलफल गरेका हुन् ।

निजामती सेवासम्बन्धी विधेयक हाल प्रतिनिधि सभामा छ । राज्य व्यवस्था समितिले पारित गरेको विधेयकको प्रतिवेदन १ असारमा प्रतिनिधि सभामा पेस भएको छ ।

यसअघि गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकमा समेत कुलिङ पिरियडबारे छलफल भएको थियो । मन्त्रिपरिषद्को बैठकमै शीर्ष नेताहरूबीच कुलिङ पिरियडबारे छलफल गर्नुपर्ने कुरा उठेको थियो । त्यसआधारमा समेत प्रधानमन्त्रीले नेताहरूसँग संवादमा अग्रसरता लिएका हुन् ।

नेताहरूका अनुसार निजामती सेवा विधेयक अगाडि नबढेकोमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि चासो लिएका छन् । प्रचण्डले सभामुख घिमिरेलाई फोन गरेरै निजामती विधेयक रोकिएकोबारे सोधेका थिए । जवाफमा सभामुख घिमिरेले संसद्मा अवरोध रहेकाले मंगलबार कार्यसूचीमा चढेर पनि निजामती विधेयक अगाडि बढ्न नसकेको बताएका थिए । राज्य व्यवस्था समितिका सभापति खतिवडा निजामती विधेयक छिट्टै पारित हुने विश्वास व्यक्त गर्दछन् । उनी भन्छन्, 'प्रतिनिधि सभामा गइसकेको निजामती विधेयकको प्रतिवेदन छिट्टै पास हुन्छ भन्ने विश्वास मलाई छ ।'

**मनाङे...**
गर्दै मनाङेलाई उम्मेदवार हुन समेत अयोग्य भएको ठहर गर्दै पदमुक्त हुने फैसला गरेको हो ।

अधिवक्ता वीरेन्द्रराज कार्कीले झुटो विवरण बुझाएर निर्वाचित भएकाले उनको पद खारेज हुनुपर्ने माग गरेका थिए । निर्वाचनसम्बन्धी कानुनअनुसार अब निर्वाचन आयोगको मनाङ-२ मा उपनिर्वाचन गर्नुपर्नेछ ।

मनाङे २०७४ सालमा पनि प्रदेशसभा सदस्य थिए । प्रदेश सभाको अघिल्लो कार्यकालमा ६ पटकसम्म मन्त्री बनेका उनी प्रदेश सभाको चालू कार्यकालमा पनि पटक-पटक मन्त्री भए ।

झण्डै आधा कार्यकाल सकिएपछि मनाङेको पद खाली भएको हो । यसअघि अघिल्लो वर्ष मनाङेलाई सर्वोच्च अदालतले ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेको थियो । सर्वोच्चका न्यायाधीश डा. नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेपछि नै उनको पद निलम्बनमा परेको थियो ।

बुधबार सर्वोच्च अदालतले पद रिक्त हुने फैसला गरेको हो ।

२०६१ सालमा गुण्डा नाइके मनाङेको समूहले चक्रे मिलनमाथि आक्रमण गरेको थियो । उक्त आक्रमणमा चक्रे मिलनको हात छिनेको थियो । त्यसविरुद्ध ज्यान मार्ने मुद्दामा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । तर, जिल्ला अदालतले सामान्य कुटपिट मात्रै भएको ठहर गर्दै मनाङेलाई दुई वर्ष कैद सजायको फैसला सुनाएको थियो ।

जिल्ला अदालतको फैसला चित्त नबुझेपछि मुद्दा उच्च (तत्कालीन पुनरावेदन अदालत, पाटन) मा पुगेको थियो । तत्कालीन पुनरावेदन अदालत पाटनले जिल्ला अदालतको फैसला उल्ट्याएर मनाङेलाई ५ वर्षको जेल सजाय तोकेको थियो । तर, मनाङे जेल गएका थिएनन् ।

फरार सूचीमा रहेका उनी २०७४ मा प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । त्यसपछि मनाङे पुनरावेदन लिएर सर्वोच्च अदालत पुगे । हदम्याद नाघेकाले पुनरावेदनको दरपीठ खारेज भयो र उनी जेल चलान भए ।

जेलभित्र बसेरै उनले सर्वोच्चमा रिट दिए । उक्त रिट सर्वोच्चले दरपीठ खारेजको निर्णय उल्टाउँदै मनाङेलाई १० वर्षभन्दा कम सजाय हुने मुद्दामा थुनाबाहिर रहेरै मुद्दा लड्न पाउने व्यवस्थाबमोजिम पुनरावेदनको मौका दिएको थियो । त्यसपछि उनी २०७५ पुस ६ मा थुनामुक्त भएका थिए ।

सर्वोच्चले उच्च अदालतको फैसला सदर गर्दै दोषी ठहर गरेपछि उनी पुनः जेल गएका थिए । बुधबार पदमुक्त भए । आधा कार्यकाल बाँकी रहेकाले उनी निर्वाचित क्षेत्रमा उपचुनाव हुनेछ ।

**जेठमा...**
४११ जना, ओमानमा ४२१ जना र साइप्रसमा ८१३ जना गएका छन् ।

चालु आर्थिक वर्षको ११ महिनामा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ७ लाख ६० हजार ३९१ पुगेको छ । गत वर्ष ७ लाख ४१ हजार ९२७ जना वैदेशिक रोजगारीमा गएका थिए ।

वैदेशिक रोजगार विभागको यो तथ्यांकले श्रम बजारमा आउने नेपाली श्रमशक्तिको जीवनको प्रमुख आधार वैदेशिक रोजगार देखिएको र सरकारले स्वदेशमा रोजगार सिर्जना गर्न बजेट वा नीति तथा कार्यक्रममार्फत ल्याउने कार्यक्रम प्रभावकारी नभएको धेरैको टिप्पणी छ ।

**जेठमा धेरै...**
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- ४४१
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- ३५८
द रिभर ओभरसिज प्रा.लि.- ३५०
मोन्टेज ओभरसिज प्रा.लि.- २८८
गोल्डेन गेटवे इन्टरनेशनल प्रा.लि.- २६८
ग्रेस ओभरसिज प्रा.लि.- २६६
इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- २५८
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- २४९
मास ह्युमन रिसोर्स प्रा.लि.- २३१
ब्लु स्काइ इन्टरनेशनल प्रा.लि.- २३१
स्काइवेज ब्युरो सर्भिसेज प्रा.लि.- २२४
रोयल इन्टरनेशनल ओभरसिज प्रा.लि.- २१९
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- २११
लुलु इन्टरनेशनल प्रा.लि.- २०९
शिखर इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा.लि.- २०९
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- २०९
एम्स ओभरसिज प्रा.लि.- १९४
प्रिमियम ह्युमन रिसोर्स प्रा.लि.- १९२
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.- १८७
अल-जाफर इन्टरनेशनल प्रा.लि.- १८६
अल शहीद ओभरसिज प्रा.लि.- १८४
स्टारिस एचआर सर्भिसेज प्रा.लि.- १८४
फ्युचर म्यानपावर रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- १८२
डीके रिभर ओभरसिज प्रा.लि.- १६९
एच.एम.टी. ओभरसिज प्रा.लि.- १६७
रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १६५
अल-आस्मास कम्पनी प्रा.लि.- १६५
एशिया लिंक सर्भिस प्रा.लि.- १६३
सान नेपाल प्रा.लि.- १६१
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १५९
दाना ह्युमन रिसोर्स नेपाल प्रा.लि.- १५६
सन लाइट ह्युमन रिसोर्स प्रा.लि.- १५५
गोरखा ह्युमन रिसोर्स प्रा.लि.- १५२
स्ट्राइकफोर्स एशिया रिक्रुटमेन्ट प्रा.लि.- १५०
मोभिरा एच.आर. सर्भिस प्रा.लि.- १४९
एक्सेस पार्टनर्स प्रा.लि.- १४८
मानस्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १४७
अल-हयात म्यानेजमेन्ट प्रा.लि.- १४६
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १४६
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १४६
वर्ल्डवाइड इम्प्लोइमेन्ट कन्सल्ट्यान्सी प्रा.लि.- १४५
गल्फ म्यानपावर सर्भिसेज प्रा.लि.- १४४
स्किल्स ग्रुप एच.आर. रिक्रुटमेन्ट प्रा.लि.- १४२
जलजला रिक्रुटमेन्ट प्रा.लि.- १४२
सनलाइट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १४१
सीगल इन्टरनेशनल ग्लोबल एच.आर. कन्सल्ट्यान्ट्स प्रा.लि.- १४१
ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १४१
एस.पी.एम. ओभरसीज प्रा.लि.- १४०
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १३८
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १३७
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १३५
खगोल ओभरसिज प्रा.लि.- १३४
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १३३
टार्गेट कन्सल्टेन्ट ह्युमन रिसोर्स प्रा.लि.- १३३
एमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.- १३२
नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १२८
एम.बी. ह्युमन रिसोर्स प्रा.लि.- १२८
वर्षा ह्युमन रिसोर्स प्रा.लि.- १२४
योङ ह्युमन रिसोर्स प्रा.लि.- १२३
होप इन्टरनेशनल प्रा.लि.- १२०
लकी एच.आर. सोलुसन प्रा.लि.- ११९
सुफी इन्टरनेशनल सर्भिसेज प्रा.लि.- ११८
दुबई ओभरसिज इन्टरनेशनल प्रा.लि.- ११७
वर्कफोर्स सर्भिसेज प्रा.लि.- ११७
टेस्ला ओभरसिज प्रा.लि.- ११५
ओपस म्यानपावर प्रा.लि.- ११४
नेपाल वर्ल्ड ओभरसिज प्रा.लि.- ११३
अम्बे इन्टरनेशनल एच.आर. नेपाल प्रा.लि.- ११३
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- ११३
डायनामिक सेल्स एण्ड सर्भिसेज प्रा.लि.- १११
प्रिन्स इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.- १११
रोटरी ओभरसिज प्रा.लि.- ११०
अल एशिया ओभरसिज प्रा.लि.- ११०
गोल्डेन क्राउन ओभरसिज प्रा.लि.- १०८
गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १०८
सी.डी. ह्युमन रिसोर्सेस प्रा.लि.- १०८
कन्टिनेन्टल एच.आर.डी. कन्सल्ट्यान्ट्स प्रा.लि.- १०७
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- १०७
सपोर्ट ह्युमन रिसोर्सेस प्रा.लि.- १०६
योभान्ट रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- १०५
राज ओभरसिज प्रा.लि.- १०३
साण्डिया ह्युमन रिसोर्सेस प्रा.लि.- १०३
श्री ब्रदर्स ह्युमन रिसोर्सेस प्रा.लि.- १०३
जब सिकर म्यानपावर प्रा.लि.- १०० जना


## हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/०५ मा दर्ता भएको **प्रा. लि. नं. ७८६५३/०६७/०६८** को **बुम इन्फो-टेक प्राइभेट लिमिटेड** को मिति २०८२/०१/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/२८ मा दर्ता भएको प्रा.लि.नं १९१३७४ को **पैयुँ चौतारी एग्रो टुरिजम एण्ड रिसोर्ट प्रा. लि.** को मिति २०८२/०३/०४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: हरिराम पौडल**
**इजाजतपत्र नः ४९७**
**ठेगाना: का.म.न.पा-२६, काठमाडौं**
**फोन नः ९८४१४२००६९**

## युएईमा रोजगार
कम्पनी: **SAHARA ENGINEERING METAL CONSTRUCTION CONTRACTING L.L.C** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०३/०४ चलानी नं.: ६०२३५७७९ LT. No.: 325862

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | WELDER | 3 | 0 | | 1200 | ४४,९८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १२ गते (26 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PREMIUM HR
**PREMIUM HUMAN RESOURCE**
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01-5917815, 5917814
Mobile : 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np
श्रम इजाजत नं. १६३१/०८०/०८१


# Belaka Municipality
# Office of the Municipal Executive
Rampur, Udayapur
Koshi Province, Nepal

## Letter of Intent to Award the Contract

**First Date of Publication: June 19, 2025 (2082.03.05 B.S)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of Procurement and Supply of Electrical Centrifugal Water Motor to the following substantially responsive lowest evaluated bidders. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 40 of bidding documents and this notice is published as per PPA, 2063 clause 27.2, 27.3 and 47.

| Contract Identification No Name of Contract | Name of Contract. | Name and Address of Successful Bidder | Bid Amount (with VAT) |
|---|---|---|---|
| 17/BELAKA/NCB/GO/2081-082 | Procurement and Supply of Electrical Centrifugal Water Motor | Medi Enterprises Bhokraha Narsing Rural Municipality-5, Sunsari | 19,15,858.50 |

**Chief Administrative Officer**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना
(प्रकाशित मिति २०८२ साल असार महिना ५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय लमहीबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **युवराज किराना पसल** प्रोप्राइटरको नाम : युवराज गुप्ता प्रा.फ.र.नं. : १३६०४/८६४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७६/११/१९
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ३०५७९१२३०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा न. ९ हाल, गढवा गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)
२) राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला २०७४/०५/११, दाङ)
३) बुद्विराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **पंकज चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला २०७५/०३/११, दाङ)

**ख) कर्जा शीर्षक : व्यावसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **अस्मिता पलाष्टिक पसल** प्रोप्राइटरको नाम : अस्मिता चौधरी प्रा.फ.र.नं. : १५७५४-१०-२०७८/७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७८/०५/१५
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६१६६१५३९१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला २०७४/०५/११, दाङ)
२) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा न. ९ हाल, गढवा गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)
३) बुद्विराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **पंकज चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला २०७५/०३/११, दाङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०७/२७ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/१०/२० को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो खठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| युवराज गुप्ता | दाङ जिल्ला मटेरिया वडा नं. ३ | ३ख | ७१२ | ६७७.२६ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१९ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय लमही आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२० गते शुक्रबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय लमहीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# शितगंगा नगरपालिका पूर्ण खोप सुनिश्चितता घोषणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ जेठ

नेपालको सबैभन्दा ठूलो नगरपालिका अर्घाखाँचीको शितगंगा नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

नगरपालिकामा खोप लगाउने उमेर समूहका सबै बालबालिकालाई राष्ट्रिय खोप तालिका अनुसार पाउनुपर्ने सबै खोपहरु पाएको प्रमाणीकरण भए पश्चात् पालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो ।

शितगंगाको ठाडामा आयोजित विशेष समारोहमा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख एवं जिल्ला खोप समन्वय समितिका अध्यक्ष जीवनारायण कोइरालाले नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेललाई प्रमाणपत्र हस्तान्तरण गरेसँगै नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको हो ।

शितगंगा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख दामोदर ढकालले नगरपालिकाभित्रका १६ महिनादेखि २३ महिनासम्मका चार सय ४१ जना बालबालिकाले पूर्णखोप पाएको सुनिश्चित गरिएको र यो उमेर समूहका कोही बालबालिहरु खोपबाट बञ्चित नभएकोले नगरपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको बताए ।



कार्यक्रममा जिल्ला समन्वय प्रमुख कोइरालाले समृद्ध शितगंगा निर्माणका लागि सबैभन्दा महत्वपूर्ण नगरवासीहरु स्वस्थ हुनुपर्ने बताए ।

खोप लगाउने उमेर समूहका कुनै पनि बालबालिकालाई खोपबाट बञ्चित हुन नदिनतर्फ सबै सचेत भए दिगोपना सुनिश्चित हुने उनको भनाइ छ । खोप सुनिश्चिततालाई दीर्घकालीन बनाउन सबैको भूमिका अपरिहार्य रहने भन्दै कोइरालाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि योगदान पुऱ्याउने सबै स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह,जनप्रतिनिधि लगायतको मेहनतको प्रशंसा गरे ।

कार्यक्रममा नगर प्रमुख छबिलाल पौडेलले नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणालाई सफल पार्न अहोरात्र खटिने सबै सरोकारवालालाई प्रशंसासहित धन्यवाद दिएका थिए ।

उपप्रमुख गिता भाटले स्वास्थ्य विकासको मेरुदण्ड भएकोले यसको कार्यान्वयनमा सबैले ध्यानदिनुपर्ने बताइन् ।

खोप सुनिश्चितता दिगोपना र निरन्तरताको लागि अझै मेहनत गर्नुपर्ने बताउँदै भाटले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गरिन् ।

स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख एवं जिल्ला खोप समन्वय समितिका सदस्य सचिव कृष्णप्रसाद पोखेलले खोपको माध्यमबाट रोगको रोकथाम, निवारण र उन्मुलन गरी शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्युदर घटाउन र खोप सेवाको विस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा निरन्तरता रहेको भन्दै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरिएको बताए । पोखेलले २/४ दिन भित्रैमा जिल्लालाइपनि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्यक्रम रहेको भन्दै महत्वपूर्ण कार्यमा अहोरात्र खट्ने सबैलाई धन्यवाद दिए ।

नगर प्रमुख एवं नगर खोप समन्वय समितिका अध्यक्ष छबिलाला पौडेलको अध्यक्षता र स्वास्थ्य शाखाका लक्ष्मण पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर जिसी,वडा नम्वर ४ का वडाध्यक्ष दामोदर अधिकारी, वडा नम्वर ७ का वडाध्यक्ष देविराम घिमिरे,जिल्ला खोप समन्वय समिति सदस्य उमा बन्जाडेलगायतले शुभकामन मन्तब्य राख्दै कार्यक्रमलाई दिगोपना दिलाउन आफुहरु प्रतिबद्ध रहेको बताएका थिए ।

कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्याउने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्थालाइलाई सम्मान समेत गरिएको थियो । पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता कायम राख्न कार्यक्रममा उपस्थित सबैले प्रतिबद्वता-पत्रमा हस्ताक्षर समेत गरेको शितगंगा नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले जानकारी दिए ।

# रिबर्मा खोलाबाट थप पानी काठमाडौं ल्याइयो

**काठमाडौं/मस**–मेलम्ची स्थित रिबर्मा खोलाबाट दैनिक थप ८ करोड लिटर पानी काठमाडौं ल्याएर वितरण गर्न सुरु गरिएको छ ।



काठमाडौं उपत्यकामा मेलम्चीको पानी नियमित रुपमा आपूर्तिका लागि उक्त खोलाबाट पानी ल्याएर वितरण गर्न सुरु गरिएको हो ।

काठमाडौंमा वर्षातको समयमा पनि नियमित रुपमा मेलम्चीको पानी सञ्चालन गर्न मेलम्ची स्थित रिबर्मा खोलामा निर्माण गरिएको टयाङ्की खानेपानीमन्त्री प्रदीप यादव सहितको टोली उक्त क्षेत्रमा पुगेर उक्त टयाङ्कीको सफल परिक्षण गरेका थिए ।

परीक्षण सफल भएसँगै मेलम्चीको सुरुङ मार्ग हुँदै सोमबार राति मेलम्चीको रिबर्मा खोलाबाट ८ करोड लिटर पानी काठमाडौं ल्याएर मंगलबारदेखि नियमित रुपमा वितरण कार्य सुरु गरिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक एवं इञ्जिनियर रत्नप्रसाद लामिछाने जानकारी दिए ।

उनले भने, 'काठमाडौंमा पानी पथान्तरणका लागि रिबर्मा खोलामा निर्माण गरिएको टयाङ्की सोमबार सफल परिक्षण गरिएको थियो, सोही राति त्यहाँबाट पानी पथान्तरण गरेर काठमाडौंमा ल्याएर अहिले आठ करोड लिटर थप पानी वितरण गरिँदैछ ।'

मेलम्ची आयोजनाको हेडवक्स नबन्दासम्मका लागि अस्थायी रुपमा रिबर्मा खोलाको पानी मिसाएर काठमाडौं ल्याइ वितरण कार्यको सुरुवात गरिएको कार्यकारी निर्देशक लामिछानेले बताए ।

'गत वर्ष पनि यहाँ बर्खामा कति फोहोर हुने रहेछ भनेर पहिलादेखि अध्ययन गरेका थियौं', उनले भने, 'अघिल्लो वर्ष अध्ययन गर्दा यहाँको पानीमा कुनै समस्या देखिएको छैन, सोमबार पानी पथान्तरण गरी काठमाडौं पुगेको र वितरण सुरु गरिएको छ ।'


**यूएईमा रोजगार**

कम्पनी: AL MUMTAZ TENTS FZE
पूर्व स्वीकृत मिति: २०८१/०५/२३ चलानी नं.: ६०२२४५५१ L.T. No.: 310362
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 53 | 0 | स. काममा दक्ष | 1200 | ४४,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ असार १२ गते (26 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४


# दलित युवालाई तालिम



**बाग्लुङ/मस**–तमानखोला गाउँपालिकाले दलित समुदायका युवालाई आयआर्जनसँग जोड्न बाँसका सामग्री बनाउने तालिम दिन थालेको छ । गाउँमा पाइने बाँस तथा निगालेलाई उपयोग गरी युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिन थालिएको हो ।

उच्च पहाडी क्षेत्रमा पर्ने तमानखोलामा पर्याप्त बाँस तथा निगालो पाइने हुँदा तालिमबाट सीप सिकेर त्यसलाई आयआर्जनको माध्यम बनाउन सकिने छ । बुढापाकाले वर्षौंदेखि परम्परागत रुपमा ढालो, नाङ्लो, डोरी लगायत सामग्री बनाएर प्रयोग गर्दै आए पनि बिक्री कम हुँदै आएको थियो ।

बजारमा बिक्ने सामग्री निर्माण गरेर युवालाई उद्यमी बनाउने उद्देश्यले तालिम दिइरहेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताए। पालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको ४ लाख ७५ हजार रुपैयाँले युवालाई तालिम दिएको उनले जानकारी दिए।

ललितपुरबाट प्रशिक्षक झिकाएर १५ दिने तालिम दिइरहेको अध्यक्ष बुढा मगरले बताए । उनले भने, 'बाँसबाट गाउँमा अहिले बुढापाकाले विभिन्न सामग्री बनाउने गर्नुहुन्छ, उहाँहरुले बनाए पनि घरायसी प्रयोजनका लागि मात्रै प्रयोग हुन्छ, बजारमा लगेर बिक्री गर्ने प्रचलन कम भएकाले पुस्ताले त्यसतर्फ केन्द्रित गर्न खोजेका छौँ । युवालाई बाँसबाट आकर्षक सामग्री बनाउन सिकाएर उद्यमी बन्न प्रेरित गरिरहेका छौँ, उहाँहरूले सीप सिकेर उत्पादन गर्न थाल्नुभयो भने त्यसको बिक्रीमा समस्या भए पालिकाले सहजीकरण गर्नेछ ।' तालिममा गाउँपालिकाका छ वटै वडाका युवाहरू सहभागी छन् । युवालाई फोटो फ्रेम, कुर्ची र टेबललगायत सामग्री बनाउने सीप सिकाइने अध्यक्ष बुढामगरले उल्लेख गरे। सीप सिकेर युवाले सामग्री बनाउन थालेपछि वनजङ्गलमा खेर गइरहेका बाँस र निगालो प्रयोगमा आउने उनको भनाइ छ ।

तालिममा सहभागी धनीराम घमालले बाँसको चुयाबाट आकर्षक सामग्री बन्ने भएकाले प्रशस्त आम्दानी गर्न सकिने बताए। आफूले पहिलेदेखि मुढा बनाउने गरेको भन्दै अहिले तालिमबाट थुप्रै प्रकारका सामग्री बनाउन सिकिरहेको उनले उल्लेख गरे ।

तालिमपछि बाँसका सामग्री बनाएर आफ्नै आयआर्जन सर्न सकिने आत्मविश्वास बढेको उनले बताए । 'हाम्रो गाउँघरमा पाइने बाँसबाट प्रयोगमा आउने आकर्षक सामान बनाउन सकिन्छ। अहिलेसम्म हामीले मेसो पाएका थिएनौं, प्रशिक्षक सरले आकर्षक सामान बनाउन सिकाउनुभएको छ। आगामी दिनमा बाँसका सामग्री बनाएर बिक्री गर्ने योजना छ ।'

# इजरायल–इरान युद्ध रोक्न प्रदर्शन

**काठमाडौं/मस**–मानवअधिकार तथा शान्ति समाजले इजरायली दूतावास अगाडि प्रदर्शन गरेको छ । इजरायल र इरानबिच जारी युद्धका कारण पश्चिम एसिया तनावग्रस्त भएको भन्दै बुधबार शान्ति समाजले विरोध प्रदर्शन गरेको हो ।

युद्धका कारण पश्चिम एसिया तनावग्रस्त हुनुका साथै विश्व शान्तिका लागि थप खतरा पैदा भएको भन्दै उनीहरूले शान्तिपूर्ण प्रदर्शन गरेका हुन् ।

विश्व शान्तिका लागि युद्ध निषेध शान्ति विशेष अभियान सञ्चालन गर्दै आएको मानवअधिकार तथा शान्ति समाजले तत्काल यो युद्ध अन्त्य गर्न आग्रह गरेको छ ।

गत जुन १३ शुक्रबारको दिन इजरायलले 'अपरेसन राइजिङ लायन' नाम दिएर इरानमाथि आक्रमण सुरु गरेको थियो ।

लगत्तै इरान पनि प्रत्याक्रमणमा उत्रिएको थियो । उक्त क्रम विगत ६ दिनदेखि जारी छ ।

इजरायल-इरान संघर्षमा हालसम्म २४८ इरानीको मृत्यु भइसकेको र १ हजार २७७ जना घाइते भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् ।

इजराइली हमलामा करिब एक दर्जन इरानी उच्च सैनिक कमान्डर समेत मारिएका छन् । इजरायलतर्फ २४ जनाको मृत्यु र ६०० भन्दा बढी घाइते भएका समाचार सार्वजनिक भएका छन् ।

# करेन्ट लागेर गर्भवतीको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ असार

रौतहटमा करेन्ट लागेर एक जना गर्भवती महिलाको मृत्यु भएको छ । रौतहटको राजपुर नगरपालिका वडा नम्बर ३ डमार पोखरीयामा मोबाइल चार्जमा लगाउने क्रममा करेन्ट लागेर ३५ वर्षीया कुल्लनाज खातुनको मृत्यु भएको हो ।

मृतक खातुन आठ महिनाकी गर्भवती रहेकी प्रादेशिक अस्पताल गौरले जनाएको छ । मृतकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल गौरमा राखिएको प्रहरीले जनाएको छ ।


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२/०३/०५**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सुचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा १६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो १:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

**१.ऋणीको नाम :** कम्पनी रजिष्ट्रको कार्यालय अन्तर्गत कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम कम्पनी रजिष्ट्ररको कार्यालय काठमाण्डौंमा मिती २०७३/०६/१३ दर्ता नं. १५६८७१/०७३/०७४ बाट दर्ता भै स्थायी लेखा नं. **६०४३३५३४४** भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०४ स्थित साविकको **वन स्टप अटोमोबाइल्स प्रा.लि.** नाम परिवर्तन भई हालको **अभिरुप मोटर्स प्रा.लि. ।**
**(प्रोप्राइटर : अभियान खड्का)**
**कर्जाको प्रकार : व्यवसाय कर्जा**

**प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : अभियान खड्का**
बाबु : रुप बहादुर खड्का
बाजे : दिर्घ सिँह खड्का
ना.प्र.नं.: ६६१४८
जारी मिति : २०६२/०७/०१, जि.प्र.का.: कैलाली
ठेगाना : कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०१ को परिवर्तित धनगढी उ.म.न.पा. वडा नं. ०१

**व्यक्तिगत जमानिकर्ता : कान्ती राणा**
ससुरा : दिर्घ सिँह खड्का
पति : रुप बहादुर खड्का
ना.प्र.नं.: ५९३
जारी मिति : २०६०/०४/१२, जि.प्र.का.: कैलाली
ठेगाना : कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०१ को परिवर्तित धनगढी उ.म.न.पा. वडा नं. ०१

**व्यक्तिगत जमानिकर्ता : रुप बहादुर खड्का**
बाबु : दिर्घ सिँह खड्का
बाजे : मोती सिंह खड्का
ना.प्र.नं.: ४०९०
जारी मिति : २०४४/११/०२, जि.प्र.का.: कैलाली
ठेगाना : डोटी जिल्ला खिशैनी गा.वि.स. वडा नं. ०२ हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ०१

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
क) वान स्टप अटो मोवाइल्स प्रा.लि.को नाममा मा.पो.का. धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी गा.वि.स/न.पा. वडा नं. ०२ नक्सा सिट नं. ०२७०८०७१ स्थित कि.नं. ४९०, ४९१ र ३४२ को क्षेत्रफल ११८.५१ ब.मी., ७९३.४९ र १६७७.०० को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।
ख) धनि मञ्जुश्री फाइनान्स लिमिटेड (ऋणी अभिरुप मोटर्स प्रा.लि.) को नाममा दर्ता कायम रहेको Land Rover कम्पनीबाट उत्पादित मोडल नं. 2007, इन्जिन नं. 10DZ594019244244-DT, च्यासिस नं. 5ALFA23B78H074439 भई दर्ता नं. बा. ६ च. ६०५६

**२. ऋणीको नाम : सर्मिला देवी सुनार**
ससुरा : शंकर सुनार
पती : बाल बहादुर सुनार
ना.प्र.नं.: ७५१००१/२१३४
जारी मिति : २०६५/०२/०५, जि.प्र.का.: कैलाली
ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ०३
**कर्जाको प्रकार : सजिलो सानो कर्जा**

**ऋणीको नाम : सचिन बस्नेत**
बाबु : बाल बहादुर सुनार
बाजे : शंकर सुनार
ना.प्र.नं.: ६७-०१-७५-००६३९
जारी मिति : २०७५/०१/२०, जि.प्र.का.: कैलाली
ठेगाना : कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ०३

**व्यक्तिगत जमानिकर्ता : रमेश सिहं सोप**
बाबु : अमर सिहं सोप
बाजे : कमल सिहं सोप
ना.प्र.नं.: १/१४८४१/७२३
जारी मिति : २०५७/१२/२३, जि.प्र.का.: डोटी
ठेगाना : डोटी जिल्ला दि.सि. न.पा. वडा नं. ०३ हाल कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ०३

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
सर्मिला देवी सुनारको नाममा मा.पो.का. धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी गा.वि.स/न.पा. वडा नं. ०३ नक्सा सिट नं. ०२७०७६६२ स्थित कि.नं. ९८४ को क्षेत्रफल १३५.०० ब.मी. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**३. ऋणीको नाम : वुधि तामाङनी**
ससुरा : काजीमान तामाङ
पतीः सुर्यमान तामाङ
ना.प्र.नं : १८०२/७३,
जारी मिति : २०४४/१०/१८, जि.प्र.का : सिन्धुपाल्चोक
ठेगाना : सिन्धुपाल्चोक जिल्ला ठुलो पाखर नगर/गाउँ पञ्चायत वडा नं. ०८ को परिवर्तित लिसखु गा.पा. वडा नं. ०७। हाल : काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं ०९ ।
**कर्जाको प्रकार : आवाश कर्जा, व्यक्तिगत आवधिक कर्जा**

**व्यक्तिगत जमानिकर्ता : रोनीसा तामाङ**
बाबु : विजुले तामाङ
पती : विर बहादुर तामाङ
ना.प्र.नं : १४९२३७
जारी मिति : २०६२/०९/२५, जि.प्र.का : सिन्धुपाल्चोक
ठेगाना : सिन्धुपाल्चोक जिल्ला गोल्चे उ.म.न.पा/गा.वि.स वडा नं ०६ को परिवर्तित जुगल गा.पा ०२ । हाल : काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं ०९ ।

**व्यक्तिगत जमानिकर्ता : विर बहादुर तामाङ**
बाबु : सुर्जमान तामाङ
बाजे : काजी मान तामाङ
ना.प्र.नं : ९०९४९
जारी मिति : २०५५/०५/३०, जि.प्र.का : सिन्धुपाल्चोक
ठेगानाः सिन्धुपाल्चोक जिल्ला ठुलो पाखर उ.म.न.पा/गा.वि.स वडा नं ०९ को परिवर्तित लिसखु गा.पा वडा नं. ०७।
हालः काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं ०९ ।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
बुधि तामाङनीको नाममा मा.पो.का. चावहिल, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स/ न.पा. वडा नं. ०८ नक्सा सिट नं. १०२११४९०८ स्थित कि.नं. ६४६ को क्षेत्रफल १०७.४४ व.मी. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**४. ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, वमणिज्य तथा आपूर्ति मन्त्रालय विभागमा मिती २०७७/०६/२५ गते, दर्ता नं. ३०३५४/०७७/७८ भई, स्थायी लेखा नं. ६१४०२८३२८ भई पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पशुपति एण्ड गणपति हार्डवेयर सप्लायर्स ।**
**प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ताः जय प्रकास चौरसिया**
बाबु : रामअशिष प्रसाद चौरसिया
बाजे : अमरदेव राउत बरै
ना.प्र.नं. : ३४-०१-६९-०३४७३
जारी मिति : २०६९/०८/२५, जि.प्र.का. : पर्सा
ठेगाना : पर्सा जिल्ला विरगंज उप.म.न.पा. वडा नं. १६ को परिवर्तित विरगंज म.न.पा. वडा नं. १६ ।
**कर्जाको प्रकार : व्यवसाय डिमान्ड कर्जा**

**व्यक्तिगत जमानिकर्ता : दिक्षा चौरसिया**
बाबु : रामेश्वर राउत
पति : जय प्रकास चौरसिया
ना.प्र.नं.: १८-०१-७१-०४१८०
जारी मिति : २०७१/०७/१४, जि.प्र.का.: महोत्तरी
ठेगाना : महोत्तरी जिल्ला इटहर्वाकट्टी गा.वि.स. वडा नं. ०२ हाल पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ ।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
दिक्षा चौरसियाको नाममा मा.पो.का. पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, इनार्वाभाट्टा गा.वि.स/न.पा. वडा नं. ०२ नक्सा सिट नं. २ स्थित कि.नं. १०९८ को क्षेत्रफल ०-०-६-० (१०१.५८ ब.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**५. ऋणीको/व्यक्तिगत जमानिकर्ता : मीना कुमारी भण्डारी विष्ट**
बाबु : रत्न बहादुर विष्ट
पती : किशोर भण्डारी
ना.प्र.नं. : ०९३०४५/२११, जारी मिति : २०६३/११/१२, जि.प्र.का., सुनसरी
ठेगाना : सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. ०७ ।
**कर्जाको प्रकार : आवासिय घर कर्जा, व्यक्तिगत आवधिक कर्जा, अटो कर्जा तथा प्रोफेश्नल कर्जा**

**व्यक्तिगत जमानिकर्ता : गोपाल प्रसाद घिमिरे**
बाबु : कोमल प्रसाद घिमिरे
बाजे : खडानन्द घिमिरे
ना.प्र.नं. : १८४४६/२०४४
जारी मिति : २०५०/०७/११, जि.प्र.का., सुनसरी
ठेगाना : सुनसरी जिल्ला महेद्रनगर गा.वि.स. वडा नं. ०६ को परिवर्तित बराहक्षेत्र न.पा. वडा नं. ०७ ।

**व्यक्तिगत जमानिकर्ता : गंगा राम साह हलुवाई**
बाबु : लक्ष्मी साह हलुवाई
बाजे : मधुसुधन साह हलुवाई
ना.प्र.नं. : ३१८६८/३३८६८
जारी मिति : २०५२/०९/०६, जि.प्र.का., सुनसरी
ठेगानाः सुनसरी जिल्ला महेद्रनगर गा.वि.स. वडा नं. ०२ को परिवर्तित बराहक्षेत्र न.पा. वडा नं. ०७ ।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
क) मीना कुमारी भण्डारी विष्टको नाममा मा.पो.का. बेलवारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरौंचा गा.वि.स/न.पा. वडा नं. ८ नक्सा सिट नं. ८घ स्थित कि.नं. २६८ र २५४ को क्षेत्रफल ०-०-९-३ (१६५.०९ ब.मी.) र ०-०-१०-१ (१७३.५५ ब.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।
ख) उमा देवी भण्डारी विष्टको नाममा मा.पो.का. इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ख स्थित कि.नं. १७७४ र ११४३ को क्षेत्रफल ०-०-३.७५-० (६३.४९ ब.मी.) र ०-०-५.२५-० (८८.८९ ब.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।
**ग)** धनि मञ्जुश्री फाइनान्स लिमिटेड (ऋणी मीना कुमारी भण्डारी विष्ट) को नाममा दर्ता कायम रहेको TATA कम्पनीबाट उत्पादित मोडल नं. LP709EX/38, इन्जिन नं. 497TC93HQZ829726, च्यासिस नं. MAT38651398H21964 भई दर्ता नं. को. १ ख. ४१९४

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँवानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिने छ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो १:३० बजे, मितिः २०८२/०३/२० गते**

मध्यान्ह
www.madhyanhadaily.com
५ असार २०८२ बिहीबार
19 June 2025, Thursday

सम्पादकीय

# पूर्व योजनाको लाभ

चिनियाँ सुरक्षा अधिकारीहरूको हवाला दिएर काभ्रे र सिन्धुपाल्चोक जिल्ला प्रशासनले भोटे कोशीमा बाढी आउन सक्ने सूचना दिएको छ । दुवै जिल्ला प्रशासनले भोटे कोशीमा आउन सक्ने बाढीले भोटेकोशी गाउँपालिका, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, सुनकोशी गाउँपालिका, बलेफी गाउँपालिका र चौतारी नगरपालिका क्षेत्रमा प्रभावित बनाउन सक्छ । यी क्षेत्रमा बाढीको जोखिम रहेकाले उच्च सर्तकता अपनाउन भनिएको छ । यद्यपि यो सूचनाबारे मतभेद पनि देखिएको छ । तर तिब्बती क्षेत्रमा अत्याधिक वर्षाको सम्भावना रहेकाले भोटेकाशीमा बाढी आउन सक्ने अनुमानप्रति सतर्कता अपनाउनु गल्ती हुँदैन । बाढी नआउन सक्छ, तर सतर्कता अपनाउन जरूरी हो । अझ मनसुनको सिजनमा कुन बेला अत्याधिक वर्षा हुन्छ, र खोलाको सतह बढ्छ भन्ने टुंगो हुँदैन ।

विगतका वर्षहरूको अनुभवले पनि सिन्धुपाल्चोक, काभ्रे लगायत पहाडी जिल्लाहरूमा आवश्यक पुर्वसतर्कता जरूरी छ । सिन्धुपाल्चोकलाई त वर्षेनिको बाढी पहिरोले हैरानी दिएको छ । ठूलो जनधनको क्षति पुग्दै आएको छ । २०७२ सालको विनाशकारी भूकम्पबाट चर्किएको पहाडी क्षेत्र त्यसैपनि जोखिमयुक्त छ । वर्षेनि बाढी र पहिरोबाट मानवीय एवं भौतिक क्षति पुग्दै आएको छ । गत वर्ष मात्रै दशैंका बेला आएको बाढी पहिरोले राजधानी आसपासका जिल्लाहरूमा ठूलो क्षति पुगेको थियो । ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप लगायत क्षेत्रका कयौं बस्ती बगेको थियो । सुनकोशीका पुलहरू बगेका थिए । बीपी राजमार्ग क्षतबिक्षत हुन पुगेको थियो । अरू राजमार्ग र पुलहरूमा क्षति पुगेको थियो ।

त्यसैले प्रकोपबाट बच्ने पूर्व तयारीमा तीन वटै सरकार लाग्न जरूरी छ । कहिले संकट आउँछ, र सक्रिय हुने भन्ने पर्खनु हुन्न । भौगोलिक रूपले खतरा रहेको क्षेत्रलाई विशेष ध्यान दिन आवश्यक छ । त्यस्ता क्षेत्रहरूमा तत्काल उद्धारका योजना बनाउन जरूरी छ । उद्धारमा खटिने जनशक्ति तैनाथ गरिनुपर्छ । सधैं संकट आएपछि मात्र उद्धारको चिन्ता गर्नुपर्ने, संघसंस्थाहरू राहतमा खटिनुपर्ने र लामो समय बित्दा पनि पुनर्स्थापना नभएको दुखेसो गरिरहनुपर्ने हुन्छ । यदि प्रकोप न्यूनीकरणको दीर्घकालीन उपायतिर लाग्ने हो भने संकट टार्न सजिलो पर्छ । आम साधरणलाई यसतर्फ सचेत पार्न अघि नेतृत्वले योजना बनाउनुपर्छ ।

# बौद्ध दर्शन र कूटनीति

अग्रलेख



● श्याम रोक्का

नेपाल ऐतिहासिकरूपमा प्राचीनकालदेखि नै अस्तित्वमा रहेको देश हो । यहाँ दुई महान् संस्कृति- वैदिक धर्म दर्शनमा आधारित संस्कृति र बौद्ध धर्म दर्शनमा आधारित संस्कृति अस्तित्वमा रहेका छन् । यी दुई सांस्कृतिक परम्परामध्ये बौद्ध धर्म दर्शन वा संस्कृतिका प्रणेता गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको हुनाले लुम्बिनीको प्रभाव विश्व समुदायमा पर्नु स्वाभाविक छ ।

विश्वका कमजोर होस् वा शक्तिशाली देश होस्, ती देशहरूका सम्बन्ध वा कूटनीतिक व्यवहारमा बौद्ध दर्शनको महत्वपूर्ण प्रभाव पाइन्छ । बौद्ध संस्कृति वा नरम शक्तिको प्रयोगले कूटनीतिमा सफल रहेका छन् । संयुक्त राष्ट्र संघका महासचिव एन्टोरियो गुटरेसले बुद्ध जन्मस्थल लुम्बिनीबाट विश्व समुदायलाई विश्व शान्तिको आह्वान गरेर विश्वको लुम्बिनीमा ध्यानाकर्षण गरे । जसको सन्देश प्रेम, सद्भाव, भाइचारा मात्र होइन सम्पूर्ण प्राणीहरूप्रति दयावान्, शान्तिप्रेमी, मानव मूल्यको सम्मान गर्नुपर्छ र युद्ध, रक्तपात र हिंसाबाट टाढा रहनपर्छ भन्ने थियो । महासचिव गुटरेसको लुम्बिनीमा उपस्थितले विश्व समुदायबिच सद्भाव कायम गर्न खोजिएको कूटनीतिक प्रयास थियो । वर्तमान परिस्थितिमा रहेका विभिन्न देशहरूबिचको तनावपूर्ण अवस्थाको अन्त्य गर्दै संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरू बिच कूटनीतिक सम्बन्ध थप बलियो होस् भन्ने थियो ।

लुम्बिनी नेपालको छिमेकी देशहरू जनसंख्या र भौगोलिक दृष्टिले विशाल आकृतिका रूपमा रहेका भारत र चीनबिचमा छ । ऐतिहासिक कालदेखि नै बौद्ध धर्म दर्शन वा बौद्ध संस्कृतिको प्रभाव यी देशहरूमा रहेका कारण बुद्धको जन्म स्थल लुम्बिनीसँग यी देशहरूको सम्बन्ध पारस्परिक छ ।

सिद्धार्थ गौतमले बोध गयामा बोधि (ज्ञान) प्राप्त गरेर बुद्ध भएका हुन् भने जीवनको अधिकांश समय वर्तमान भारतका विभिन्न स्थानमा बिताएको र महापरिनिर्वाण पनि वर्तमान भारतकै कुशीनगरमा भएको थियो । यसरी हेर्दा एसियाका दक्षिणी विभिन्न भू-भागमा बुद्धको समयदेखि नै बौद्ध संस्कृतिको प्रभाव रहँदै आएको छ । त्यसैगरी नेपालको उत्तरी भू-भाग अर्को छिमेकी देश चीनमा पनि करिब २ हजार वर्ष अघिदेखि बौद्ध धर्म दर्शनको प्रभाव रहँदै आएको छ । प्राचीन कालमा नेपालकी राजकुमारी भृकुटीले तिब्बतमा बुद्ध धर्म संस्कृतिको प्रचारमा योगदान पुऱ्याएकी थिइन् । अहिले चीन जनसंख्याको दृष्टिले संसारमा सबैभन्दा धेरै बौद्ध धर्मानुयायीहरू रहेको देश हो । यी २ देशले आफ्नो ऐतिहासिक पृष्ठभूमि र वर्तमान विश्व परिवेशलाई समेत ख्याल गरेर बौद्ध दर्शनमार्फत विदेशसँगको सम्बन्ध वा कूटनीतिलाई व्यापकरूपमा प्रयोग गरेको देखिन्छ । पछिल्ला वर्षहरूमा यी २ देशबिच मात्र नभई विश्वमा नै बुद्ध दर्शनको अनुसरण गर्दै बुद्ध दर्शनले देखाएको बुद्धको मध्यमार्गी बाटो अवलम्बन गर्दा २ देशबिचका तिक्तता र तनाव कम गर्न सफल भएका छन् ।

दक्षिण एसिया, दक्षिण पूर्वी एसिया, सुदूर पूर्वी एसिया र मध्य एसियाका देशमध्ये अधिकांश देशहरू भुटान, श्रीलंका, बर्मा, थाइल्यान्ड, भियतनाम, कम्बोडिया, मङ्गोलिया, जापान, कोरिया, लाओस्, रुसको बुरियातीया र कल्माकीयालगायतका देशहरू बौद्ध धर्मानुयायी जनसमुदायको बसोबास भएका देशहरू हुन् । यी देशका जनता र सरकारले बौद्ध संस्कृतिलाई आदर्श मान्ने हुनाले बौद्ध संस्कृति वा बौद्ध धर्मावलम्बीको प्रभावले अन्य मुलुकमा भन्दा यी देशमा शान्तिपूर्ण वातावरण रहेको अनुभूति गर्न सकिन्छ । त्यसकारण गौतम बुद्धको जन्मस्थान लुम्बिनीप्रति विश्व मानव समुदायको ध्यान आकर्षित हुनु स्वाभाविक हो ।

नेपालको लुम्बिनीमा जन्मेर भारतको बोध गयामा ज्ञान (बोधि) प्राप्त गरेपछि गौतम बुद्धका नामले विश्वविख्यात भएका सिद्धार्थ गौतमका दर्शन समग्रमा अनेकौं समस्याको जनजालमा परेका मानवको मुक्ति वा कल्याणमा केन्द्रित रहेका छन् । बौद्ध धर्म-दर्शमा आधारित भएर विकसित भएको बौद्ध संस्कृतिले मानव समुदायमा सद्भाव निर्माण गरेको छ भने विश्वमा बिस्तारै बौद्ध संस्कृतिको प्रभाव बढ्दै गइरहेको छ । बौद्ध संस्कृतिका कैयौं आयामहरू नेपाली परिवेशमा विकसित, संरक्षित र सम्बन्धित भएको पाइन्छ । लुम्बिनीले नेपालको परराष्ट्र सम्बन्ध वा कूटनीतिमा सकारात्मक प्रभाव




*विश्वका कमजोर होस् वा शक्तिशाली देश होस्, ती देशहरूका सम्बन्ध वा कूटनीतिक व्यवहारमा बौद्ध दर्शनको महत्वपूर्ण प्रभाव पाइन्छ । बौद्ध संस्कृति वा नरम शक्तिको प्रयोगले कूटनीतिमा सफल रहेका छन्...*

वा भूमिका खेलेको होइन यसले विश्व शान्तिको लागी खेलेको भूमिका ज्यादै महत्वपूर्ण छ ।

बुद्ध धर्मअनुसार हरेक व्यक्तिले अनिवार्यरूपले दिनहुँ ५ वटा नियम अर्थात् पञ्चशील पालना गर्नुपर्छ । हरेक व्यक्तिले दैनिक पालना गर्नुपर्ने ५ नियमहरू हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु (आफ्नो पति वा पत्नीसँग बाहेक अरूसँग यौनाचार नगर्नु), झुटो नबोल्नु र ५ जाँड रक्सी (मादक पदार्थ)को सेवन नगर्नु हो । उल्लेखित पञ्चशील मानव समुदायको विकासको आधार हो । २ देशबिच सद्भाव कायम गर्न वर्तमान समयमा अन्तर्राष्ट्रिय सम्बन्धमा पनि ५ वटा नियमको विकास गरिएको छ, जसलाई अन्तर्राष्ट्रिय सम्बन्धका पञ्चशील पनि भनिन्छ ।

विश्वका विभिन्न विकसित राष्ट्रहरूले आफ्ना उत्पादनको बिक्री र आवश्यक कच्चापदार्थ वा स्रोत प्राप्तिका लागि अफ्रिका, एसिया र ल्याटिन अमेरिका महादेशका कम विकसित र कमजोर देशलाई आफ्ना उपनिवेश बनाएर ती उपनिवेशहरू मध्ये कैयौंलाई देशलाई आफ्नै राज्यमा गाभेर साम्राज्य खडा गरे थिए र सन् १९१७ सम्ममा साम्राज्यवाद र उपनिवेशवाद विरुद्धको संघर्षले गति लिएको थियो । त्यसैक्रममा रुसको जनक्रान्ति सम्पन्न भयो । यसपछि संसारका अन्य क्षेत्रमा समेत राष्ट्रिय स्वतन्त्रता आन्दोलन सफल हुँदै जाँदा सोभियत संघसँग नजिक सम्बन्ध रहेका जनवादी/समाजवादी सरकार भएका देशहरूको समूह, उपनिवेशवादी साम्राज्यवादी शक्ति राष्ट्र र यी दुवै शक्तिकेन्द्रमा असंलग्न रहेर आफ्नो विकासको मार्गमा अगाडि बढ्न चाहने तेस्रो विश्वका राष्ट्रहरू अस्तित्वमा आए ।

ती नवोदित तेस्रो विश्वका देशहरूमा चीन, बर्मा, भारत, नेपाललगायतका देशहरूको ऐतिहासिक/सांस्कृतिक पृष्ठभूमि बुद्ध धर्म दर्शन तथा संस्कृतिसँग जोडिँदा यी देशहरूले एक आपसमा वा अन्य देशहरूसँग दौत्य सम्बन्ध स्थापना गर्दा आपसीहित र स्वाधीनता कायम राख्ने गरी बौद्ध धर्म संस्कृतिमा उल्लेखित पञ्चशीलका आधारमा परराष्ट्र सम्बन्धका पनि निम्नानुसारका पञ्चशील बनाएका थिए । पञ्चशील सिद्धान्तभित्र एकले अर्को देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने, आक्रमण नगर्ने वा अनाक्रमण, अरूको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित कायम गर्ने, शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गर्ने ।

बौद्ध धर्म दर्शनको आधारमा आफ्नो देशको विदेश नीतिको विकासको सुरुवात सबैभन्दा पहिला जनगणतन्त्र चीनले गरेको देखिन्छ । सन् १९४९ को अक्टुवरमा चीनको केन्द्रीय सरकारले पञ्चशीलको तेस्रो र पाँचौं बुँदा आफ्नो विदेश नीतिमा रहेको कुरा एक विज्ञप्तिमार्फत सार्वजनिक गरिएको थियो । त्यसपछिका दिनमा चीनले त्यस नीतिलाई पालना गरेको देखिन्छ । यसको केही समयपछि चीन र वर्माका बिचमा सम्पन्न सीमा सम्झौतामा पञ्चशीलमा उल्लेखित सिद्धान्तलाई अवलम्बन गरिएको थियो, तर यतिन्जेल यी सिद्धान्तहरूलाई पञ्चशील नामकरण गरिएको थिएन ।

सन् १९५४ मा भारत र चीनका बिच तिब्बतसम्बन्धी सन्धि गर्दा यी ५ सिद्धान्तलाई सूचीबद्ध गरिएको थियो । तर, त्यसबखत पनि पञ्चशील भनिएको थिएन । सन् १९५४ जुन २७ का दिन भारतको नयाँ दिल्लीमा चीनका प्रधानमन्त्री चाउ एनलाई र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरुले संयुक्त घोषणा पत्रमा हस्ताक्षर गरी पञ्चशीलको सिद्धान्त औपचारिक रूपमा जारी गरेका थिए । त्यो मितिदेखि पञ्चशील सिद्धान्त तेस्रो विश्वका नवोदित वा नवस्वाधीन राष्ट्रले अंगीकार गर्दै आएका छन् ।

१२ अप्रिल १९५५ मा इन्डोनेसियाको वाङ्डुङ्मा सुरु भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा पनि पञ्चशीलको चर्चा भयो । यस क्रममा नेपाल र चीनका बिचमा सन् १९५५ अक्टुवर १ मा सम्पन्न दौत्य सम्बन्ध पनि पञ्चशीलको सिद्धान्तमा आधारित भएर सम्पन्न भएको हो । कुनै पनि देश वा राष्ट्रको अस्तित्व र विकासका लागि गृह नीति र परराष्ट्र नीतिको सफल कार्यान्वयनको ज्यादै महत्व रहेको हुन्छ । सामान्यतः परराष्ट्र नीतिलाई गृह नीतिको विस्तारित रूप मानिए पनि परराष्ट्र नीति वा त्यसले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि गरिने प्रयत्नमा उत्पन्न हुनसक्ने जटिलतालाई ठम्याएर सोहीअनुसार व्यवहार गर्न सकिएन भने राष्ट्रको स्वतन्त्रता वा अस्तित्व नै संकटमा पर्न सक्छ । त्यसैले विदेश सम्बन्धको व्यवहार वा कूटनीतिमा बुद्ध दर्शनले देखाएको मध्यमार्गी बाटो महत्वपूर्ण छ ।

**(लेखक, लुम्बिनी विकास कोषका कार्यकारी सदस्य हुन् ।)**

## इतिहासमा आज

१९ जुन २००९ मा स्थानीय शेफको मृत्युको वरिपरिको शंकास्पद परिस्थितिलाई लिएर चीनको शिशौमा हिंसात्मक दंगा भड्कियो ।



१९ जुन १९९० मा मस्कोमा रूसी सोभियत संघीय समाजवादी गणतन्त्रको कम्युनिष्ट पार्टीको स्थापना भएको थियो ।



१९ जुन २०१८को दिन संयुक्त राज्य अमेरिकामा पेटेन्ट जारीको संख्या १ करोड पुगेको थियो ।



१९ जुन २०१२ मा अमेरिकी सेनाद्वारा नागरिक हत्याको फुटेजसहित पहिले कागजातहरू प्रकाशित भएपछि अमेरिका सुपुर्दगी हुने डरले विकिलिक्सका संस्थापक जुलियन असान्जले लन्डनको इक्वेडोर दूतावासमा शरणको लागि अनुरोध गरेका थिए ।



# वर्षायाम र विकास निर्माण

विचार



● दिनेश अर्याल

*यदि योजनाहरू समयमै सुरू गरिए, बजेट कार्यान्वयन मौसमीतालाई ध्यान दिएर गरियो भने वर्षायाम विकासका लागि बाधक होइन, अवसर बन्न सक्छ । अब आवश्यकता छ– वर्षायामसँग लड्ने होइन, मिलेर अघि बढ्ने सोचको निर्माण गर्ने...*

वर्षा मौसम विकास निर्माणको दृष्टिले चुनौतीपूर्ण समय हो । कहिले अविरल झरी, कहिले पहिरो, कहिले डुबान, कहिले सडक कटान र कहिले योजना नै स्थगित हुने अवस्था आउने भएकाले वर्षायामलाई 'निर्माण विराम'को रूपमा लिने परम्परा नेपालमा व्यापक छ । सरकारका बजेट तथा योजना कागजमा त निर्धारित समयमै सकिने गरी बनाइए पनि त्यसको कार्यान्वयन भने प्रायः वर्षायामले अवरूद्ध गरिदिन्छ । यस्तो परिस्थितिमा वर्षा केवल प्राकृतिक अवस्था मात्र नभई, नेपालको विकास बाधित गर्ने एक संरचनागत समस्या झैं देखिन्छ । तर, के वर्षायामलाई दोष दिँदै बस्नु मात्रै समाधान हो त ? या, त्यसैलाई ध्यानमा राखेर दीर्घकालीन योजना बनाउन सकिन्न ?

नेपालमा विकास निर्माणको कार्यहरू हिउँदमा सुरू गर्नुपर्ने हो । हिउँदको समयमा मौसम खुल्ला हुन्छ, सडक सुक्खा हुन्छन्, मजदुरको उपलब्धता पनि राम्रो हुन्छ । यति हुँदा हुँदै पनि धेरैजसो योजना आर्थिक वर्षको अन्त्यतिर चैतदेखि मात्र सुरू हुन्छन् । यसले गर्दा जुन योजनाले समयमै गुणस्तरीय रूपमा सम्पन्न हुन सक्थ्यो, त्यो वर्षायाममा पनि अलपत्र पर्छ । वर्षाको पानी, पहिरो र ढुंगामाटोका कारण निर्माणस्थलमा पुग्न गाह्रो हुन्छ, कामदारको सुरक्षाको चिन्ता हुन्छ, निर्माण सामग्री ढुवानीमा अवरोध आउँछ । यस्तो बेला काम गर्दाको लागत पनि बढ्छ, तर परिणाम भने सन्तोषजनक हुँदैन ।

वर्षायामको समयमा सडक विस्तार, पुल निर्माण, भवन निर्माण वा सिँचाइ आयोजनाहरू सबैजसो प्रभावित हुने गर्छन् । कतिपय योजना त सुरू भइसकेपछि पनि छोड्नुपर्ने हुन्छ, किनभने पहिरोले बाटो अवरूद्ध बनाउँछ वा बाढीले काम गर्ने नमिल्ने बनाउँछ । निर्माणस्थलमा राखिएको सामग्री नष्ट हुन्छ, अपुग हुने गर्छ । यस्तो अवस्थामा स्थानीयबासीको आलोचना बढ्छ, अनुगमन गर्ने निकाय असन्तुष्ट हुन्छ, तर कोही जिम्मेवार ठहर्दैन ।

त्यसैले, वर्षायाममा विकास निर्माण कार्यको कमजोर प्रगति केवल मौसमी कारण मात्रै नभई, योजनाबद्धता र समय व्यवस्थापनको गम्भीर कमजोरीको परिणाम हो । हरेक वर्ष यस्तै हुने हो भने हरेक वर्षायामले देशको बहुमूल्य समय, स्रोत र श्रम खेर जान्छ । एउटा योजनालाई समयमा सम्पन्न गराउन सके, त्यसबाट जनताले तत्काल लाभ लिन सक्थे । उदाहरणका लागि, एक वटा सडक निर्माण असारमा सकियो भने त्यसले त्यो वर्षकै बाढीबाट राहत पुऱ्याउन सक्थ्यो । तर त्यो योजना अधुरो छ, बाटो नै अवरूद्ध छ भने त्यही बाढीले गाउँ-सहरमा थप क्षति पुऱ्याउँछ । यसरी वर्षायाममा अधुरो विकास उल्टै विनाशको कारण बन्न सक्छ ।

तर, वर्षा मौसमलाई पूर्णतः निष्क्रिय समयको रूपमा हेर्नु पनि यथार्थपरक हुँदैन । यदि पूर्वतयारी राम्रो हो भने वर्षायाममा पनि केही विशेष प्रकारका विकास कार्यहरू सञ्चालन गर्न सकिन्छ । उदाहरणका लागि, शहरी क्षेत्रमा ढल निकास, पानीको बहाव सुचारू बनाउने पूर्वाधार, डुबान न्यूनीकरणका उपाय, विद्यालयहरूमा सुरक्षित छाना निर्माण, विपद् व्यवस्थापन केन्द्रहरू तयार पार्ने आदि कार्यहरू प्राथमिकतामा राख्न सकिन्छ । वर्षामै सुरू गरिने यस्ता योजनाले आगामी वर्षाको जोखिम घटाउन सक्दछ ।

यसका लागि आवश्यक हुन्छ– विकास कार्यको वार्षिक चक्रमा मौसमीतालाई गम्भीरतापूर्वक समावेश गर्नु । आजको प्रविधिको युगमा मौसमको पूर्वानुमान, खतरा मूल्यांकन र समय व्यवस्थापन सजिलो भएको छ । कामहरूलाई मौसमअनुसार वर्गीकरण गरेर योजना बनाइयो भने वर्षायाम ऋतुमा पनि केही कार्य निरन्तर अघि बढ्न सक्छन् । उदाहरणका लागि, इनडोर निर्माण कार्य, नक्सा तयार गर्ने, ठेक्का प्रक्रिया टुंग्याउने, अनुगमन र मूल्यांकन, जनशक्ति तालिम, बजेट कार्यान्वयनको समिक्षा आदि कार्य वर्षा मौसममै गर्न सकिन्छ । यसो गर्दा बाँकी समयको उपयोग अझ प्रभावकारी हुन्छ ।

त्यस्तै, वर्षायामलाई नै लक्षित गरेर आपतकालीन संरचना विकास गर्ने अभ्यास पनि नेपालमा थालिनु जरूरी छ । अस्थायी पुल, पहिरोबाट जोगाउने पर्खाल, बाढी पूर्वचेतावनी प्रणाली, राहत गोदामहरू, उद्दार पूर्वतयारीलगायतका कार्य वर्षाको समयमा प्रभावकारी हुने गरी सुरू गर्न सकिन्छ । हरेक वर्ष एकै प्रकृतिको विपद् दोहोरिरहँदा पनि हामी पठनपाठन स्थगित गर्नु, आवागमन अवरूद्ध गर्नु, सार्वजनिक सेवा प्रभावित पार्नुजस्ता असहज अवस्था भोगिरहेका हुन्छौं । यदि पूर्वतयारी सशक्त भयो भने वर्षाले ल्याउने संकटलाई सहजै व्यवस्थापन गर्न सकिन्छ ।

अर्को पक्ष, वर्षायामलाई विकासका लागि समय नमान्ने प्रवृत्तिले असार महिनालाई 'ढोकामा बजेट बाँड्ने महिना' बनाइदिएको छ । वर्षैभर नचलेको काम एक महिनामा भ्याइहाल्ने हतारोमा गुणस्तर, पारदर्शिता र दीर्घकालीन उपयोगितालाई बेवास्ता गरिन्छ । यस्तो अभ्यासले विकास होइन, बजेटको अनियमितता र भ्रष्टाचारलाई पोषण दिएको छ । विकास भनेको दिगो, सहभागी र समावेशी प्रक्रिया हो । वर्षा मौसम यसलाई उल्ट्याउने समय बन्नु हुँदैन ।

अन्ततः, वर्षा मौसममा विकास निर्माणको सुस्तता वा अवरोध केवल वर्षाको दोष होइन । यो व्यवस्थापनको कमजोरी हो, नेतृत्वको अकर्मण्यता हो र दीर्घकालीन सोचको अभाव हो । समाधान भनेको प्राकृतिक चक्रलाई दोष दिएर उम्किनु होइन, त्यसलाई आत्मसात् गर्दै कार्यान्वयन प्रणालीलाई सुधार गर्नु हो । यदि योजनाहरू समयमै सुरू गरिए, बजेट कार्यान्वयन मौसमीतालाई ध्यान दिएर गरियो भने वर्षायामविकासका लागि बाधक होइन, अवसर बन्न सक्छ । अब आवश्यकता छ– वर्षायामसँग लड्ने होइन, मिलेर अघि बढ्ने सोचको निर्माण गर्ने । तबमात्र नेपालका विकास कार्यले समय, मौसम र स्रोतको सम्मान गर्दै जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सक्छन् ।

## सामाजिक सञ्जाल




**डम्बर खतिवडा**

भिजिट भिसा प्रकरणमा अख्तियार वा नियमित छानबिन पर्याप्त हुँदैन । गृहमन्त्रीको राजीनामा र संसदीय छानबिन अत्यावश्यक हो । तर, प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले सम्झौता गरेपछि प्रश्न छ- विपक्षी दल खोइ ? प्रतिपक्ष बिनाको बहुदलीय संसदीय लोकतन्त्रले कसरी काम गर्ला ?



**लेखनाथ पाण्डे**

पछिल्लो ८ वर्षमा सार्वजनिक ऋण झन्डै तीन गुणा बढेर २६ खर्ब पुगेको छ । तर, सार्वजनिक ऋण कसरी एक्कासि चुलियो ? यसका मुख्य जिम्मेवारहरू को-को हुन् ? ऋण कहाँ र कसरी खर्च गरियो ? उपलब्धि के हो ? यसको जवाफ माग्ने हक प्रत्येक नागरिकलाई छ । तर, कतैबाट जवाफ पाइँदैन ।



**विष्णु ढकाल**

जब जनताको सर्वोच्च थलो संसदमा नै आम जिम्मेवारी विहीन भूँई मान्छेहरूले चिया पसलमा गरिने गफ कटाक्षभन्दा पनि धेरै आरोप-प्रत्यारोप छताछुल्ल हुन्छ र त्यसपछि सरकार झन् प्रतिशोधमा उत्रन्छ अनि जनताको हैसियत के होला ? सांसदहरू कोही जेलमा छन्, कसैलाई भटाभट पक्राउ पुर्जी जारी हुँदा हाम्रो के भाउ ?



**विनोद न्यौपाने**

यो वर्षात् समयमा घर, बारी, बाटोमाथि वा आफ्नो दैनिकी चल्ने ठाउँ, क्षेत्रमा थुप्रिएको/ थुपारिएको गेग्रान, लेदो माटो, बलौटे माटो छ भने होसियार रहनु होला । पानीमा यो मिसिएपछि पानीको प्रवेग र गति अनि कटान गर्ने क्षमता सयौं गुणा बढ्दछ । जीवन जोखिममा पर्दछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# गुल्मी सेवा समाज कतारद्वारा क्यान्सर पीडितलाई आर्थिक सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ४ असार

गुल्मी सेवा समाज कतारले क्यान्सर रोगबाट ग्रसित बिरामीलाई आर्थिक सहयोग गरेको छ । समाजले जिल्लाको मदाने गाउँपालिका वडा नं. ३ सिर्सेनी निवासी क्यान्सर पीडित कमला परियारलाई १९ हजार ३ सय रुपैयाँ नगद सहयोग गरेको हो । समाज कतारको दशौं अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको पहिलो बैठकमा समाजका विभिन्न व्यक्तिहरूमार्फत संकलित रकम पीडितका श्रीमान् ईश्वरी अर्याललाई हस्तान्तरण गरिएको छ ।

अन्तरजातीय विवाह गरेका अर्यालले अपेक्षित सहयोग गाउँ टोलबाट पनि नपाएको गुनासो गरे । उनले श्रीमतीको उपचारकै क्रममा आफू र परिवार ऋणमा डुबेको र आर्थिक अवस्था समेत कमजोर बन्दै गएपछि श्रीमतीको प्राण रक्षा गर्न सक्छु कि भन्ने झिनो आशा बोकेर रोजगारीका लागि कतार आइपुगेको बताए । साना दुई छोरालाई घरमा र बिरामी श्रीमतीलाई भरतपुर चितवन क्यान्सर हस्पिटलमा चटक्क छोडेर कतार आएका अर्यालले सहयोग रकम ग्रहण गर्दै थप सहयोगको अपेक्षा गर्दै श्रीमतीको प्राण रक्षाका लागि मध्यान्ह दैनिकमार्फत सबैसमक्ष याचना गरेका छन् ।

यता समाजका अध्यक्ष मित्र बहादुर विक सुनार (मित्र बिएस)ले बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै आवश्यक परेको स्थानमा समाजले विगतमा पनि सहयोग गरेको र भविष्यमा पनि निरन्तरता दिने बताए । बिरामीलाई प्रत्यक्ष सहयोग गर्न बिरामीका भाइ गोविन्द परियारको खातामा सिधै सहयोग गर्न सकिने व्यवस्था मिलाइएको छ । बिरामीका श्रीमान् ईश्वरी अर्यालको कतारको सम्पर्क नम्बर ९७४-७०८४४२८९ रहेको छ । वा साइन रेसुङ्गा विकास बैंक, बुटवल शाखाको खाता नं.००१००७००४०४०२६०००००१ वा गोविन्द परियारको मोबाइल नं.+९७७-९८६३५७९२४१ मा सम्पर्क गर्न सकिने जनाइएको छ ।

### राजापुर नगरको नीति तथा कार्यक्रम
# आर्थिक वृद्धि र जीवनस्तर सुधारमा जोड

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ४ असार

राजापुर नगरपालिकाको दोस्रो नगरसभाको ८औं अधिवेशन बुधबारबाट सुरू भएको छ ।

नगरप्रमुख दिपेश थारुको अध्यक्षतामा भएको सभामा आर्थिक वर्ष ०८२/०८३ का लागि पालिका स्तरिय नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

नगर प्रवक्ता अशराज न्यौपानेले सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आर्थिक विकास, गरिबी निवारण, आन्तरिक राजस्व वृद्धि, सेवा प्रवाह क्षमतामा सुधार, सुशासन प्रवर्द्धन, जनसहभागिता, लैंगिक समानता, दिगो विकास, वातावरण संरक्षण, कला, संस्कृति र जीविकोपार्जनमा केन्द्रित २ सय ५८ बुँदे नीति तथा कार्यक्रमको विवरण प्रस्तुत गरेका थिए ।



प्रस्तुत नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी सृजना र भौतिक पूर्वाधारका क्षेत्रमा विशेष ध्यान दिने उल्लेख गरिएको छ ।

उत्पादनमुखी तथा छिटो प्रतिफल दिने कार्यक्रमहरू मार्फत नगरको आर्थिक वृद्धि र नागरिक जीवनस्तरमा सुधार ल्याउने लक्ष्य रहेको जनाइएको छ ।

सभामा सदस्य-सचिव दशरथ बुढा, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, विषयगत शाखाका प्रमुख प्रतिनिधिहरू, कर्मचारी तथा सञ्चारकर्मीहरूको सहभागिता थियो । नगरसभाको दोस्रो बैठक आगामी असार ८ गते बिहान ७ बजेका लागि बोलाइएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/१०/२५ मा दर्ता भएको **प्रा. लि. नं. १०९२६२** को **बाबु सरसफाई बगैंचा सेवा** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०५/१८ मा दर्ता भएको **प्रा. लि. नं. ३१८७०४** को **इन्भोकर ट्राभल एण्ड टुर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भूल सुधार

मिति २०८२/०२/३० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा रोजगार शिर्षकको कम्पनीको नाम: **REACH EMPLOYMENT SERVICES L.L.C. , चलानी नं.: ६०२३९४३८, पूर्व स्वीकृत मितिः २०८२/०२/२९ र L.T. No.: 325507** को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते **(20 June 2025)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**SAHEEL WORLDCONNECT SERVICES PVT.LTD.**
KMC-04, Kathmandu, Nepal, Tel: 01-4547295, 9841864583,
Email: saheelworldconnect@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/१२ मा दर्ता भएको **प्रा. लि. नं. ३३९६०६/०८०/८१** को **यु.सि.ए. एजुकेशन प्राइभेट लिमिटेड** को मिति २०८२/०१/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०४/०५ मा दर्ता भएको **प्रा. लि. नं. ३१५४४६** को **नाइन्टिन फाउनटिन कलेक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८/११/०३ मा दर्ता भएको **प्रा. लि. नं. १७९६४/०५८/०५९** को **वर्ल्ड भिजन केवल नेटवर्क प्राइभेट लिमिटेड** को मिति २०८२/०१/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## जापानमा रोजगारको अवसर

कम्पनी : AJIA SOUGOU KAIHATSU JIGYOU KYODO KUMIAI — शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८२/०३/०४ — चलानी नं.: ६०२३९७७८ — LT No: 325865

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURAL | 1 | 0 | स. काममा दक्ष | 173334 | १६५,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ असार १२ गते (26 June 2025) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ०१४५४६०५२
Email: info@manjushreeoverseas.com.np, Web: www.manjushreeoverseas.com.np

## खरेल काष्ठ फर्निचर उद्योग बिर्तामोड-४ झापाद्वारा उत्पादित सोफासेटहरूको बिक्री मूल्य सार्वजनिक गरिएको सूचना

यस फर्निचर उद्योगमा उत्पादन भएका देहायमा उल्लेखित स्पशिफिकेशनका सोफासेटहरुको तपशिल बमोजिम डिलर तथा खुद्रा मूल्य सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सोफासेट स्पेशिफिकेशन | इकाई | डिलर मूल्य (भ्याटसहित) | खुद्रा मूल्य (भ्याटसहित) |
|---|---|---|---|---|
| १ | अफिस कर्नर सोफासेट उचाइ ४२" चौडाई ३२" लम्बाई २१x२२ गरी १००D फोम फिरा नलाग्ने, कडा काठको राम्रो स्वीट कपडा | प्रति सिट | १५,०००/- | १६,५०० /- |
| २ | अफिस टेबल L डबलबाट १८$m^3$ प्लाई १$m^3$ फोर डबल पेस्टिङ्ग लगाएर साइज ७F x ७F को | प्रति सिट | ४५,०००/- | ४८,०००/- |
| ३ | अफिस टेबल सिङ्गलबाट १८$m^3$ को प्लाई १$m^3$ फोरमाइका लगाएको साइज २F x २.५F x ४F | प्रति सिट | १६,०००/- | १७,००० /- |
| ४ | टि टेबल १८$m^2$ x १८$m^2$ फोरमाइका २४"x२४x३६" डबल पेस्टिङ्ग तीन तला भएको | प्रति सिट | १८,०००/- | २०,०००/- |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०३/०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

**१.** जगत बहादुर बुढाथोकीको बुहारी, मान बहादुर बुढाथोकीको पत्नी, दोलखा जिल्ला, साविक खारे गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. २ बस्ने **यमुना कुंवर** (ना.प्र.नं. ३४२५७, जारी मिति २०६०/१२/१२, जि.प्र.का. दोलखा) ।

**२.** दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, नेपाल, चरिकोट, दोलखामा मिति २०७८ साल भाद्र महिना ११ गते रोज ६ मा प्रा.फ.र.नं. ४५३१/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय धुलिखेल र करदाता सेवा कार्यालय चरिकोटमा मिति २०७८/०५/११ मा स्थायी लेखा नम्बर (PAN) ६१६५१०९५९ अन्तर्गत दर्ता कायम भएको **यमुना एण्ड हृदय जनरल स्टोर्स एण्ड सप्लायर्स ।**
**प्रोप्राइटर : यमुना कुंवर**

**ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. टिका बहादुर बुढाथोकीको नाति, जगत बहादुर बुढाथोकीको छोरा, महोत्तरी जिल्ला, साविक वर्दिवास गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. २ बस्ने **मान बहादुर बुढाथोकी** (ना.प्र.नं. ०४९२३३२०, जारी मिति २०५१/०२/०१, जि.प्र.का. महोत्तरी) । | २. जगत बहादुर बुढाथोकीको बुहारी, मान बहादुर बुढाथोकीको पत्नी, दोलखा जिल्ला, साविक भीमेश्वर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल भीमेश्वर न.पा. वडा नं. २ बस्ने **मिनका थापा** (ना.प्र.नं. ९४३७-२८७५, जारी मिति २०५४/१०/०१, जि.प्र.का. दोलखा) । |

**ऋणी (२) को व्यक्तिगत जमानीकर्ताको विवरण**

जगत बहादुर बुढाथोकीको बुहारी, मान बहादुर बुढाथोकीको पत्नी, दोलखा जिल्ला, साविक खारे गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. २ बस्ने **यमुना कुंवर** (ना.प्र.नं. ३४२५७, जारी मिति २०६०/१२/१२, जि.प्र.का. दोलखा) ।

**धितोको विवरण**

१. **ऋणी यमुना कुंवरको नाममा धितोबन्धकी कायम रही ऋणी यमुना एण्ड हृदय जनरल स्टोर्स एण्ड सप्लायर्सको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** यमुना कुंवर (ना.प्र.नं. ३४२५७, जारी मिति २०६०/१२/१२, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक दोलखा गा.वि.स./न.पा. वडा नं. ८ नक्सा सिट नं. १५८१२०६२ हाल दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. २ स्थित कि.नं. २३९८ को क्षेत्रफल १३७.०० (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. यमुना एण्ड हृदय जनरल स्टोर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**Siddhartha Bank**
शाखा कार्यालय : चरिकोट, दोलखा
फोन नं. ०४९-४२११२१
Website : www.siddharthabank.com

## नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८२/०३/०५)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/११/१६ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात** (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **जनकपुर भानुचोक शाखा, धनुषा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा मिति २०३३/०७/२५ मा प्रा.फ.र.नं २६४३/०३३ अन्तर्गत दर्ता भएको **कमला निर्माण सेवा ।**
ठेगाना : धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३, गोदार धनुषा ।
**ऋणी फर्मका प्रोप्राइटरः**
शिवलाल सुडीको नाती, गंगाई साहु सुडीको छोरा, धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, नागरिकता नं. ९२८६१२३७, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: धनुषा मितिः बि.सं. २०३९/१२/३ भएको **महादेव महतो सुडी ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. कृष्णदेव चौधरकी छोरी, गंगाई साहु सुडीकी बुहारी, महादेव महतो सुडीकी श्रीमती धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, ना.प्र.नं. ४१८६२६४१ (जारी मितिः २०४६/०२/०६ स्थानः धनुषा) भएकी **ज्ञान कुमारी देवी ।**
२. गंगाई साहु सुडीको निती, महादेव महतो सुडीको छोरा, धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, नागरिकता नं. १७१०४५/१०३ (जारी मितिः २०६६/०३/०१ स्थानः धनुषा) भएको **राजीव कुमार महतो ।**
३. विशेश्वर प्रसाद साहकी छोरी, महादेव महतो की बुहारी, राजीव कुमार महत्तो सुडीकी श्रीमती मोरङ्ग जिल्ला, विराटनगर न.पा वडा नं १५ बस्ने, ना.प्र.नं. ०५-०१-७४-००२५७ (जारी मितिः २०७४/०१/११, स्थानः मोरङ्ग) भएकी **सुस्मिता साह ।**

२

**ऋणीको नाम र ठेगानाको विवरण**

शिवलाल सुडीको नाती,गंगाई साहु सुडीको छोरा, धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, नागरिकता नं. ९२८६१२३७ (जारी मितिः २०३९/१२/०३ स्थानः धनुषा) भएको **महादेव महतो सुडी ।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कृष्णदेव चौधरकी छोरी, गंगाई साहु सुडीकी बुहारी, महादेव महतो सुडीकी श्रीमती धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, ना.प्र.नं. ४१८६२६४१ (जारी मितिः २०४६/०२/०६, स्थानः धनुषा) भएकी **ज्ञान कुमारी देवी ।**
२. गंगाई साहु सुडीको निती ,महादेव महतो सुडीको छोरा, धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, नागरिकता नं. १७१०४५/१०३ (जारी मितिः २०६६/०३/०१ स्थानः धनुषा) भएको **राजीव कुमार महतो ।**

**सयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, सिंगराही मटियर्वा गा.वि.स वडा नं. ६ सिट नं ३ क मा अवस्थित कि.नं. क्रमश ७०१, ७०३, ७४१, ७४३ र ७४८ क्षेत्रफल क्रमश ०-१-७-३, ०-०-०-९, ०-०-२-०, ०-०-०-०३/४ र ०-२-१३१/५, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ ख मा अवस्थित कि.नं. ७६६ क्षेत्रफल ०-१०-०, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **महादेव महतो सुडी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ख मा अवस्थित कि.नं. ७९० क्षेत्रफल ०-१-१०-०, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **महादेव महतो सुडी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ग मा अवस्थित कि.नं. क्रमश २५५, ३०२ र ३१४ को क्षेत्रफल क्रमश ०-१-१०-०, ०-०-३-० र ०-०-५-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ३ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **महादेव महतो सुडी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ख मा अवस्थित कि.नं. क्रमश ४३१, ३४९, ३५१, ३५९, १३०, १३१ र १४४ को क्षेत्रफल क्रमश ०-२-०-०, ०-६-१८-०, ०-१०-६-०, ०-१०-१३-०, ०-१३-०-०, ०-१५-५-० र ०-६-८-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
६. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ख मा अवस्थित कि.नं. ८६७ क्षेत्रफल ०-१-१०-०, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
७. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, लवटोली गा.वि.स वडा नं १ सिट नं १ख मा अवस्थित कि.नं. ६८८ क्षेत्रफल ०-१-१०-०, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
८. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स वडा नं ३ सिट नं ३ग मा अवस्थित कि.नं. ४२१ क्षेत्रफल ०-०-१०-०, विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
९. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, जनकपुर न.पा वडा नं. ८ सिट नं १३५५-०२ मा अवस्थित कि.नं. १६ को क्षेत्रफल क्रमश ०-२-०-३ विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
१०. धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं ४ स्थायी घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा वडा नं ७ बस्ने, **ज्ञान कुमारी देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, जनकपुर न.पा वडा नं. ८ सिट नं १३५५-०१ मा अवस्थित कि.नं. ५१ र ५२ को क्षेत्रफल क्रमश ०-१-१० र ०-०-१८ विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **जनकपुर भानुचोक शाखा, धनुषा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मितिः २०८२/०३/१२ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **जनकपुर भानुचोक शाखा, धनुषा**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८२/०३/१३ गते १:०० बजे बैंकको **जनकपुर भानुचोक शाखा, धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
